जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २६ •अंक ९९ • २०८१ साल भाद्र १० गते सोमबार (26 August, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा नेपाल सडक संघर्षमा उत्रिने अध्यक्ष यादवको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जनतासँग जसपा, नेपाल अभियन्ता अभिमुखीकरणको आइतवार उद्घाटन गर्दै जनताको मुद्दालाई लिएर सडक संघर्षमा उत्रिने घोषणा गरेका छन् ।

गत जेठ महिनाको अन्तिम हप्तामा पार्टीको एकताको पहिलो राष्ट्रिय महाधिवेशन सम्पन्न गरेका अध्यक्ष यादव संगठन सुदृढीकरणलाई ४ महिने अभियानको रुपमा अगाडि सारेका छन् ।



सरकारमा रहेकै बेला सरकारको नेतृत्व गरिरहेका दलहरुले नै पार्टी विभाजन गरेपछि आहत भएका अध्यक्ष यादवले जनतालाई सचेत र संगठित गर्न ४ महिने अभियान चलाएको बताए ।

'अभियानपछि संगठनलाई सुदृढ गर्ने र तेस्रो चरणमा जनताका मुद्दाहरू र जनताका सवाललाई लिएर हामी सडक संघर्षमा उत्रिने छौं' उनले भने, मुलुकलाई बचाउने हो भने अब मुख ताकेर हुँदैन । उनले जसपा नेपालले सडक र जनताको बीचबाट हस्तक्षेपकारी भूमिका खेल्नका लागि तयार हुनुपर्नेमा जोड दिए ।

पार्टी विभाजन विरुद्ध निर्वाचन आयोग समेतमाथि सर्वोच्च अदालतमा उनले गरेको मुद्दाको आगामी १३ गते फैसला हुने सम्भावना छ । मुद्दाको फैसलाले जसपा नेपालको अभियान प्रभावित हुने बताइन्छ । पक्षमा फैसला भए मौन रहेका जसपा नेपालका नेता, कार्यकर्ताहरु सक्रिय हुने र विपक्षमा फैसला आए पार्टीबाट असन्तुष्टहरु पलायन हुने सम्भावना छ ।

उनले भने, 'जनतालाई सचेत र संगठित गर्नका लागि ४ महिने अभियान चलाएका हौं ' अध्यक्ष यादवले भने, अभियानपछि संगठनलाई सुदृढ गर्ने र तेस्रो चरणमा जनताका मुद्दा र सवाललाई लिएर सडक संघर्षमा जानैपर्छ । उनले अघि भने, ' मुलुकलाई बचाउने हो भने अब मुख ताकेर हुँदैन ।'

अध्यक्ष यादवले दलित, जनजाति, महिला, मुस्लिमको सहभागिता हटाएर राजनीतिक स्थिरता सम्भव नरहेको बताए ।

पहिलो चरणमा बागमती प्रदेशका अभियन्ताहरुलाई प्रशिक्षित गरेर अभियानको शुभारम्भ गरिएको छ । कार्यक्रममा वरिष्ठ नेता राजकिशोर यादवलगायत बागमती प्रदेशका पदाधिकारी र कार्यकारणी समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

मधेश प्रदेशमा भने अभियानको जनकपुरधाम र वीरगञ्जमा अभिमुखीकरण गरिने छ । भदौं १५ गते सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाको लागि प्रदेश राजधानी जनकपुरधाममा र १६ गते रौतहट, बारा, पर्सा र हेटौंडासमेतका अभियन्ताका लागि वीरगञ्जमा अभिमुखीकरण कार्यक्रम राखिएको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ । कोशी प्रदेशको विराटनगरमा भदौं १८ गते अभियन्ताहरूको अभिमुखीकरण कार्यक्रम आयोजना हुनेछ ।

त्यसैगरी लुम्बिनी प्रदेशको भैरहवामा भदौं २३ गते र नेपालगञ्जमा भदौं २४ गते अभिमुखीकरण कार्यक्रम हुने बताइएको छ ।

# मुसरीघरारी बस दुर्घटनामा ४० जना घाइते, ४ गम्भीर, सामान्य घाइतेहरु घर फर्के

**टुडे समाचारदाता**

जनकपुरधाम । बारा जिल्लाको बारागढी गाउँपालिकाको वडा नम्बर ३ स्थित मूर्तिपालिया गाउँका तीर्थयात्रीहरु सवार बस भारतको बिहार राज्यको समस्तीपुर जिल्लाको मुसरीघरारी एनएच २८ (नेशनल हाइवे )मा आइतबार बिहान दुर्घटना हुँदा कम्तीमा ४० जना घाइते भएका छन् ।

दुर्घटनामा सामान्य घाइते भएका तीर्थयात्रीहरु सामान्य उपचारपछि घर फर्किसकेका छन् । उनीहरुलाई अर्को बस व्यवस्था गरी फिर्ता पठाइएको छ ।

भारतीय सञ्चारमाध्यमले जनाए अनुसार ना ७ ख ६४४६ नम्बरको बस समस्तीपुर स्थित मुसरीघरारी थाना क्षेत्रमा दुर्घटना भएको थियो ।





तीर्थयात्री बोकेको बस शनिबार बिहान सवा ११ बजे वीरगञ्ज हुँदै भारतको रक्सौल नाकाबाट भारतको झारखण्ड राज्यस्थित देवघर (बाबा बैजनाथधाम) बोलबम जाँदै गरेको थियो । बस समस्तीपुरको मुसरीघरारीमा पुगेपछि तीव्रगतिको एउटा ट्रकले जोडले ठक्कर हानेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराले जनाए अनुसार बसमा सवार तीर्थयात्रीहरु मध्ये १२ जना गम्भीर घाइते, ३३ जना घाइते रहेका छन् । दुई जना यात्रु सकुशल रहेको बारा जिल्लाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक प्रकश सापकोटाले जनाएका छन् ।

गम्भीर घाइतेहरु मध्ये देवनारायण पण्डित, सुबोध साह तेली र रुनिया बिनकी ९ वर्षीया छोरीको अवस्था चिन्ताजनक रहेको प्रहरी प्रवक्त सापकोटाले बताए । बसमा २५ जना महिला , ६ जना बालबालिका र १४ जान पुरुष थिए ।

सदर अस्पताल(सरकारी अस्पताल)मा उपचार गराइरहेका घाइतेहरु मध्ये गीता देवी, सीमा कुमारी, विश्वनाथ मुखिया, बिना , शोभा कुमारी, राजेश्वरी प्रसाद साह, मुस्कान साह, फेकन मुखिया, शिवकुमारी, सियापति देवी, अमन प्रजापति, राम रती देवी, सुजीत कुमार राम, किशोर राम, नागेंद्र साह, रामसभा साह, सुखिया देवी, लक्ष्मी झा, रविन्द्र कुमार, रामेश्वर साह, सुबोध प्रसाद झा, लक्ष्मण मुखिया, सुमन मिश्रा, काजल कुमारी, उषा देवी लगायत रहेको भारतीय सञ्चार माध्यमहरुले सरकारी अधिकारीहरुलाई उद्धृत गर्दै बताएका छन् ।

घाइतेहरुको उपचार र अवस्थाबारे बुझ्न बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जैसवाल केही जनप्रतिनिधिसहित पर्सा जिल्लासित सीमा जोडिएको मोतिहारी अस्पतालमा पुगेका छन् । अध्यक्ष जैसवालले बताए अनुसार घाइतेहरु मध्ये सामान्य उपचारपछि ३६ जना घर फर्किसकेका छन् । मुसरीघरारीबाट उनीहरुलाई अर्को बसमा राखेर फिर्ता पठाइएको जैसवालले बताए ।

मोतिहारीस्थित डा.राकेश कुमारको निजी क्लिनिकमा राजेश्वर साह, सुभाष साह र फेकन मुखियाको उपचार भइरहेको छ । राजेश्वर साहको हातमा, सुभाषको टाउकोमा र मुखियाको ढाडमा चोट लागेको छ ।

किशोरीराम हस्पिटलमा भर्ना रहेको घाइतेहरु अचेत अवस्थामा रहेका छन् । उनीहरुको उपचार सो होस्पिटलमा भइरहेको अध्यक्ष जैसवालले बताए ।






# भ्रष्टाचार नियन्त्रण सुशासन प्रवर्द्धनका लागि अन्तरक्रिया

**टुडे समाचारदाता**

मलंगवा । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले सर्लाहीको चक्रघटा गाउँपालिकामा जनप्रतिनिधि तथा कर्मचारीसंग अन्तरक्रिया गरेको छ ।




अख्तियारमा सबै भन्दाबढी स्थानीय तहको उजुरी आउने गरेको आयोगका शाखा अधिकृत विकास कुमार मिश्रले जानकारी दिए । मिश्रका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा स्थानीय तहको सबैभन्दा बढी उजुरी सामुदायिक विद्यालयमा रकम हिनामिना, सरकारी सवारी साधन भाडामा लगाउने तर आम्दानी नदेखाउने, सरकारी सवारी साधनको दुरुपयोग भएको, एउटै योजनामा पटक-पटक भुक्तानी लेनदेन गरेको, आम नागरिकलाई सूचनाको हकबाट वञ्चित गरेपछि उजुरी आउने गरेको छ ।

त्यस्तै स्थानीय तहमा काखापाखा गर्ने प्रवृत्ति हाबी भएको देखिन्छ । दक्ष जनशक्तिलाई अवसरबाट वञ्चित गरेपछि पनि उजुरी आउने गरेको मिश्रले बताए । अनुसन्धान कार्यमा पालिकाले सहयोग नगर्ने, कानुन पालना र प्रणालीमा सुधारको खाँचो रहेको उनले बताए । सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउनुको साटो झन्झटिलो बनाएको कारण पनि उजुरी आउने गरेको छ ।

अख्तियारमा उजुरी पर्ने बितिकै सेवा प्रवाहलाई बाधित बनाउनु पनि अखितयार दुरुपयोग हो, यो कुरा सबै राष्ट्रभक्त कर्मचारीले बुझ्नु पर्ने अधिकृत मिश्रले बताए ।

सो कार्यक्रममा चक्रघटा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुले आ-आफ्नो मनमा लागेका कुराहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासका उपसचिव तुलसीराम पौडेलसंग राखेका थिए । सो जवाफमा उपसचिव पौडेलले भने, ‘अख्तियारमा उजुरी पर्ने वित्तिकै आत्तिनु पर्दैन, काम र सेवा प्रवाहलाई बाधित पारेर कर्मचारीले समस्यालाई झनै जटिल बनाउनु हुँदैन ।’

अख्तियारमा उजुरी परेपछि पनि विश्वसनीयताको आधार फेला परेन भने कारबाही प्रक्रिया अघि नबढ्ने उनले बताए ।

सामान्य प्रशासन मन्त्रालय अन्तर्गत लिसाले सार्वजनिक गरेको प्रतिवेदन अनुसार चक्रघटा गाउँपलिकाले राम्रो अंक ल्याउन सफल भएकोमा उपसचिव पौडेलले चक्रघटा गाउँपालिकाको प्रशंसा समेत गरे ।

चक्रघटा गाउँपालिकामा अख्तियारले कार्यक्रमा गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत संजिव यादवले विशेष धन्यवाद दिए ।

गाउँपालिकाका अध्यक्ष कृष्णकुमार यादवले अनुशिक्षण र जागरुक कार्यक्रम पटक-पटक हुनुपर्नेमा जोड दिए । सो कार्यक्रममा गा.पा. उपाध्यक्ष मिनादेवी यादव लगायत १ वडा देखि ९ वडा सम्मका वडा अध्यक्ष, कार्यपालिका सदस्यलगायतकाहरुको समेत सहभागिता रहेको थियो ।

# स्रोत नखुलेको भारतीय रुपैयाँसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा स्रोत नखुलेको मोटो रकमसहित दुई जना भारतीयलाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल महोत्तरीले जनाएको छ ।

जिल्लाको जलेश्वर नगरपालिका-२ स्थित मालिवडाबाट सशस्त्र प्रहरीले स्रोत नखुलेको १५ लाख २४ हजार ९ सय भारतीय रुपैयाँसहित भारतीय नागरिकहरु वैशाली हाजिपुरका ३४ वर्षीय ललन कुमार र सोही ठाउँका २६ वर्षीय मोहन कुमारलाई नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल गुल्म जलेश्वरबाट मलिवडा बसपार्क इलाकाबाट सशस्त्र प्रहरी निरीक्षक गान्धर कुमार चौलागाईंको टोलीले भारतीय सीमा पार गरी नेपाल प्रवेश गरेको बीआर ३१ एके ८८०७ भारतीय नम्बरको अल्टो कार चेकजाँच गर्ने क्रममा स्रोत नखुलेको रकम फेला पारेको सशस्त्र प्रहरी बल, नेपाल नं ९ गण हेडक्वार्टर जलसागरले जनाएको छ ।



कारको डिक्कीमा हरियो रंगको झोलामा लुकाइ छिपाइ राखेको अवस्थामा भारतीय रुपैयाँ पाँच सय, दुई सय र एक सय दरका नोटहरू फेला परेको सशस्त्र प्रहरीले जनाएको छ । उनीहरुलाई रकमसहित आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको सशस्त्र प्रहरीले जनाएको छ ।

# २१ जनाद्वारा रक्तदान

**टुडे समाचारदाता**

राजविराज । रगतको अभावमा कसैले पनि ज्यान गुमाउनु नपरोस भन्ने उदेश्यले आइतबार राजविराज स्थित मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुरधामको सम्पर्क कार्यालयले रक्तदान कार्यक्रम गरेको छ ।




चाडपर्व र मौसम परिवर्तनको समयमा अस्पतालमा विरामीको संख्या वृद्धि भइ रगतको अभाव भएको जानकारी आएपछि छेठौं वार्षिकोत्सवमा रक्तदान कार्यक्रम गरी मनाइएको केन्द्रले जनाएको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक गोपालचन्द्र भट्टराईले रक्तदान जीवनदान भएकाले केन्द्रले आफ्नो वार्षिकोत्सवमा रक्तदान कार्यक्रम रोजेको बताए । उनले रगतको अभावले सुत्केरी महिला र अन्य विरामीले अनाहकमा ज्यान गुमाउनु नपरोस तथा रक्तदाता उत्प्रेरणाका लागी पनि रक्तदान कार्यक्रम गर्ने निर्णय भएको थियो ।

केन्द्रको परिसरमा रुपनी स्थित मधेश प्रदेश प्रहरी अस्पतालका प्रहरी अधिकृत डा. रोशन कुमार मिश्र तथा स्थानीय रक्तसंचार सेवा केन्द्रका इन्चार्ज नवीन झाको प्राविधिक सहयोगमा रगत संकलन गर्ने कार्य गरिएको थियो ।


सो कार्यक्रममा प्रहरी वरिष्ठ उपरिक्षक गोपाल चन्द्र भट्टराई सहित २१ ज्ना प्रहरी कर्मचारीले रक्तदान गरेका थिए । रक्तदान गर्नेहरुमा प्रहरीहरु मानबहादुर कार्की, संगिता विष्ट अनमोल खडका, अशोक साह, घनश्याम यादव, राकेश चौधरी, सुनिल कुर्मी, अञ्जली कठैत छन् ।

त्यस्तै राजकुमार महतो, उत्तम कटवाल, अशोक कानु, तेजनारायण मण्डल, गायत्री दाहाल, राकेश राई, राजेन्द्र खडका, लिलाकान्त कोइराला, गोविन्द कटवाल लगायतले पनि रक्तदान गरेका छन । रक्तदान गर्ने मध्ये मानबहादुर कार्की र संगिता विष्ट पति पत्नी हुन् ।

# धनुषाका सिडीओ कडरियामाथि छानवीन गर्न राष्ट्रिय मुक्ती क्रान्तिको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । राजेन्द्र महतो नेतृत्वको राष्टिय मुक्ती क्रान्तिले धनुषाका सिडिओ रामुराज कडरीयाले अभियानका नेता,क्लोथ बैंक नेपालका अध्यक्ष तथा नेपाल भारत खुला सीमा सम्वाद समुहका अध्यक्ष राजीव झालाई फोन गरेर गाली गलौज गर्दे चौवीस घण्टा भित्रै थुनिदिने भनि धम्काएको भन्दै छानवीनको माग गरेको छ ।


राष्ट्रिय मुक्ति क्रान्ति
National Liberation Revolution
केन्द्रिय कार्यालय, काठमाण्डौ
स्था: २०८०
प्रेस विज्ञप्ति
राजेन्द्र महतो
संयोजक

क्रान्तिले विज्ञप्ती जारी गर्दै धम्काएको प्रती गम्भीर ध्यानाकषर्ण भएको उल्लेख गर्दै पद तथा शक्तिको दुरुपयोग गर्दै धम्कीपूर्ण क्रियाक्लापले नागरिक आतंकीत गर्ने कार्य भत्सर्नायोग्य रहेको उल्लेख छ । मालपोतका प्रमुखले एक सेवाग्राहीलाई सात महिनादेखि दोडाईरहदा नेता झाले मालपोत हाकीमलाई कानुन बमोजीम काम गर्न आग्रह गर्दा मालपोत प्रमुखले आफुसंग काम नहुने बरु सरुवा गराईदिनुस भनि जवाफ फर्काएको र सोहि कुरालाई मालपोतका प्रमुखले धनुषाका सिडीओ रामुराज कडरीयालाई भनेपछि सिडिओ कडरीयाले एकतर्फी कुरा सुनेर जनताको कार्य गर्ने नेता झालाई थुनीदिने धम्की दिनु गैर जिम्मेवार कार्य रहेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

संविधाननै नचिन्ने सिडिओद्वारा आम जनतालाई संविधानद्धारा प्रदत अधिकारलाई कुण्ठित पार्ने सिडीओ कडरीयालाई तत्काल छानवीन गरि कारवाही गर्न सम्वन्धित माथिल्लो निकायलाई आग्रह गर्दै लोकतन्त्र माथि नै प्रहार गर्ने अराजक प्रशासक विरुद्ध हुने संघर्षबाट उत्पन्न हुने परिस्थितको जिम्मेवार स्वयम सम्वन्धित निकाय हुने विज्ञप्ती माफर्त चेतावनी समेत दिइएको छ ।

# तीन गुणा बढ्यो विद्युत् खपत

काठमाण्डु । मुलुकबाट विद्युत्भार कटौती अन्त्य भई नियमित रुपमा विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् (ऊर्जा) खपतमा उल्लेख्य वृद्धि भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार ऊर्जा खपत तीन गुणा बढेको छ ।



आर्थिक वर्ष २०७२/७३ मा तीन ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ । आठ वर्षको अवधिमा देशभित्रको विद्युत् खपत ६ अर्ब ५१ करोड युनिट वृद्धि भएको हो । आठ वर्षअघि विद्युत् खपत वृद्धिदर नै ऋणात्मक थियो ।गत आवमा सबैभन्दा बढी ग्राहस्थ्र्यतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत् खपत भएको छ । बाँकी विद्युत् अन्य समूहका ग्राहकले खपत गरेका हुन् । आठ वर्षअघि एक सय ३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा चार सय युनिट पुगेको छ ।

आठ वर्षअघि बर्खायाममा समेत दैनिक आठ घण्टा विद्युत्भार कटौती थियो । हिउँदमा दैनिक १४ घण्टासम्म विद्युत्भार कटौती गर्नुपर्ने प्रक्षेपण थियो । विसं २०७३ को कात्तिकदेखि काठमाडौँ उपत्यका हुँदै क्रमिक रुपमा देशका प्रमुख सहरमा गार्हस्थ्यतर्फका ग्राहकको र त्यसपछि औद्योगिक ग्राहकको विद्युत्भार कटौती अन्त्य गरिएको थियो । सरकारले २०७५ वैशाखदेखि सिङ्गो मुलुक विद्युत्भार कटौतीमुक्त घोषणा गरेको थियो ।

आठ वर्षअघि ५८ प्रतिशत घरपरिवारमा मात्र विद्युत् पुगेको थियो । अहिले ९९ प्रतिशतमा विद्युत् पुगेको छ । विद्युत्को पहुँच पुगेका घरपरिवारमध्ये ९७ प्रतिशत राष्ट्रिय ‘ग्रिड’बाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत्, सौर्य ऊर्जालगायतबाट विद्युत् उपभोग गरिरहेका छन् । आठ वर्षअघि विद्युत्का ग्राहक करिब ३० लाख रहेकामा हाल सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्भार कटौती अन्त्यपछि पर्याप्त निरन्तर विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् खपत बढेको बताउनुभयो । “ठूला तथा साना उद्योगलाई निरन्तर विद्युत् आपूर्ति भइरहेको छ, यस अवधिमा उद्योगको धैरे ‘लोड’ स्वीकृत गरिएको छ, खाना पकाउनेलगायत घरायसी प्रयोजनमा विद्युतीय उपकरणको प्रयोग बढेको छ, निजी तथा सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनको प्रयोग बढिरहेको छ, विद्युतीकरण व्यापक रुपमा गरिएको छ जसका कारण आन्तरिक रुपमा विद्युत्को खपत बढिरहेको छ,” उहाँले भन्नुभयो ।

हरेक वर्ष विद्युत् माग बढेसँगै विद्युत् आपूर्तिमा चुनौती थपिएका छन् । त्यस्ता चुनौती र समस्याको समाधान गरी उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, सुरक्षित विद्युत् आपूर्तिका देशका प्रमुख सहरलाई ११ क्लस्टरमा विभाजन गरिएको छ । यस्तै, सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरी क्रमिकरुपमा कार्यान्वयनमा लगिएको छ ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिक रुपमा विद्युत्को खपत बढाउने, उत्पादन वृद्धि गरी आयात घटाउने र निर्यात वृद्धि गर्ने गरी काम भइरहेको उल्लेख गर्नुभयो । आव २०७२/७३ मा तीन अर्ब ७२ करोड युनिट रहेको विद्युत् खपत आव २०७३/७४ मा (२८ दशमलव ४७ विन्दुले बढी) चार अर्ब ७७ करोड युनिट पुगेको थियो । आव २०७४/७५ मा विद्युत् खपत पाँच अर्ब ५६ करोड, २०७५/७६ मा छ अर्ब ३० करोड युनिट, २०७६/७७ मा छ अर्ब ४२ करोड तथा २०७७/७८ मा सात अर्ब २८ करोड युनिट भएको थियो ।

यसैगरी, आव २०७८/७९ मा आठ अर्ब ८४ करोड, आव २०७९/८० मा नौ अर्ब ३५ करोड र आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट विद्युत् खपत भएको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा विद्युत् खपत करिब १० प्रतिशतले बढेको हो ।गत आवमा पिक डिमान्ड (विद्युत् बढी माग हुने समय) अघिल्लो आव २०७९/८० को तुलनामा ११ दशमलव ३४ प्रतिशत विन्दुले वृद्धि भएको थियो । गत आवको जेठ १६ गते देशभित्रको सबैभन्दा बढी विद्युत्को माग रेकर्ड गरिएको थियो । उक्त दिन दुई हजार दुई सय १२ मेगावाट विद्युत् माग गरिएको थियो ।

बर्खायामका ६ महिना विद्युत् भारततर्फ निर्यात गर्ने अवस्था बने पनि हिउँदमा नदी प्रवाही जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटी केही महिना देशभित्रको माग धान्न विद्युत् आयात गर्नुपर्ने अवस्था छ । तर प्रणालीमा आयात गरिएको ऊर्जाको परिमाण भने घट्दै गएको छ । गत आवमा प्रणालीमा आयातित ऊर्जाको हिस्सा १४ दशमलव ६८ प्रतिशत रहेको छ । जुन अघिल्लो आवको तुलनामा आठ दशमलव ५७ प्रतिशत विन्दुले कम हो । विद्युत् निर्यात ४४ प्रतिशत विन्दुले वृद्धि भएको छ ।


गत आवमा भारतबाट एक अर्ब ९० करोड युनिट अर्थात् रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् आयात गरिएको थियो । तर सोही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरी रु १७ अर्ब ६ करोड आम्दानी भएको थियो । गत आवमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो ।रासस

# तीर्थयात्राः एउटा फेला, अर्को बेपत्ता

**टुडे समाचारदाता**

राजविराज । भारतको झारखण्ड राज्य स्थित बाबाधाम (देवघर) जल चढाउनका लागि गएका एक तीर्थालु १० दिन पछि सर्म्पकमा आए, तर सप्तरीकै अर्का तीर्थयात्री बेपत्ता भएका छन् ।





पछिल्लो पटक विगत ८ दिन देखि बोदेबर्साइन नगरपालिका-३ स्थित कुश्महार टोलका ६२ वर्षीय मिश्रीलाल मण्डल सम्पर्क विहिन भए । घरका अभिभावक नै सर्म्पक विहिन भएपछि परिवारजन चिन्तामा डुबेका छन् । मण्डल भदौं २ गते देखि आफन्त तथा गाउँका अन्य भक्तजनसंग रेल चढेर देवघरका लागी प्रस्थान गरेका थिए । बाबाधाम मन्दिरमा जल चढाएर घर फर्किने तयारी भइरहेका बेला अचानक उनी सम्पर्कविहीन भएसंगै गएका उनका ज्वाई देवकान्त मण्डलले बताए ।

आइतबार घर फर्केका परिवारजनले मण्डलको हुलिया विवरण सहितको निवेदन भारतीय प्रहरीलाई उपलब्ध गराइ खोज तलासका लागि उजुरी दिएको थियो ।

यस अघि सप्तरी कै राजगढ गाउँपालिका ३ पुरवारी टोलका ५३ वर्षीय रामविलास यादव बाबाधाममा हराएका थिए । साउन ३१ गते बाबाधाममा जल चढाए लगतै संगै गएका साथीहरुसंग सर्म्पकविहीन भएका यादव १० दिन पछि अघिल्लो दिन शनिबार साँझ भारत बिहार राज्यको दरभंगा रेल्वे स्टेशनमा फेला परेको थियो । भारतीय प्रहरी र स्थानीयवासीको सहयोगमा उदार गरी उनलाई घर ल्याइएको परिवारजनले जनाएको छ ।

# कांग्रेसद्वारा पहिरो र दुर्घटनाबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त

काठमाण्डु । नेपाली कांग्रेसले रामेछापको शैलुङ्गमा गएको पहिरो, सिन्धुलीको गोलन्जोरमा भएको जीप दुर्घटना र विभिन्न स्थानमा भएका बस दुर्घटनाप्रति दुःख व्यक्त गरेको छ । आइतबार विज्ञप्तिमार्फत कांग्रेसले पहिरोमा परी निधन हुनुभएका प्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको हो ।

रामेछापको शैलुङ्ग गाउँपालिका-३ लेखर्क पहरीगाउँमा गएरातीको पहिरोमा परी छ जनाको मृत्यु भएको छ भने चार जना हराइरहेका छन् । यस्तै खोटाङको हलेसीबाट काठमाडौँतर्फ आउँदै गरेको प्र नं ३-०१-०२३च ६३६६ को जीप हिजो मध्यपहाडी लोकमार्गअन्तर्गत सिन्धुलीको गोलन्जोर गाउँपालिका-१ कुँडुले नजिकबाट सुनकोशीमा खस्दा तीन यात्रु बेपत्ता भएका छन् ।


यसैगरी बाराबाट भारतको झारखण्ड देवघरमा जल अर्पण गर्न गएका नेपाली तीर्थयात्री सवार बस बिहारको समस्तीपुर जिल्लामा दुर्घटना हुँदा ४३ यात्रु मध्ये ३५ भन्दा बढी यात्रु घाइते भएका छन् । रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



श्रीकृष्ण जन्माष्टमीको पूर्वसन्ध्यामा आइतबार बजारमा बिक्रीका लागि राखिएका जन्माष्टमीलक्षित राधाकृष्णका पोशाकलगायत पूजा सामग्री । *तस्विर : टुडे*

# बाराका सरकारी कार्यालयको पुँजीगत खर्च ८४ प्रतिशत

वीरगञ्ज । मधेस प्रदेश सरकार मातहत रहेका बाराका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा कूल विनियोजित बजेटको ८३ दशमलव ६९ प्रतिशत अर्थात् रु दुई अर्ब २७ करोड दुई लाख ३७ हजार आठ सय ३४ रकम पुँजीगत खर्च गरेका छन् ।

मधेस प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १५ वटा सरकारी कार्यालय र १६ वटा स्थानीय तहका लागि पुँजीगत र चालुतर्फ दुवै गरेर रु तीन अर्ब ७० करोड ८० लाख सात हजार तीन सय ७० रकम विनियोजन गरेको थियो ।

प्रदेश लेखा एकाइ कार्यालयका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले बाराका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको चालु र पुँजीगत दुवैतर्फ गरेर ८१ दशमलव ०९ प्रतिशत अर्थात् रु तीन अर्ब ६९ लाख ५४ हजार तीन सय ९५ रकम खर्च भएको जानकारी दिनुभयो । "गत आवमाबाराकासरकारी कार्यालयको चालु र पुँजीगत दुवैतर्फ गरेर समग्रमा ८१ दशमलव ०९ प्रतिशत खर्च भएको छ । गत आवको समग्रमा खर्च उत्साहप्रद रहेको छ", उहाँले भन्नुभयो, "बाराका सरकारी कार्यालयको चालु खर्च ७४ दशमलव ०२ प्रतिशत छ ।" उहाँले बाराका सरकारी कार्यालयले गत आवमा पुँजीगत खर्च पनि उत्साहजनक ढङ्गले गरेको जानकारी दिनुभयो ।




प्रदेश सरकारले बाराका १६ पालिकाका लागि रु २० करोड ४२ लाख ३६ हजार बजेट विनियोजन गरेकामा सो अवधिमा रु १६ करोड ४२ लाख ३५ हजार छ सय ७९ रकम खर्च गरेका छन् । बाराका सरकारी कार्यालयले गत आवमा रु ११ करोड ११ लाख ७७ हजार चार सय २७ रकम सङ्कलन गरेका छन् । प्रदेश लेखा एकाइ कार्यालयको कार्यक्षेत्र बारा र पर्सा हुन् ।रासस

# साउनमा तीन अर्ब ७५ करोड राजस्व सङ्कलन




वीरगञ्ज । सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षको साउनमा रु तीन अर्ब ७५ करोड राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले कार्यालयलाई चालु आवको साउनमा रु चार अर्ब ७३ करोड ३१ लाख ४५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । कार्यालयले सो अवधिमा लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात् रु तीन अर्ब ७५ करोड २२ लाख ११ हजार राजस्व सङ्कलन गरेको जनाएको छ ।

भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालु आवको पहिलो महिनामा राजस्व सङ्कलन उत्साहजनक देखिएको दाबी गर्नुभयो । "चालु आवको साउनमा राजस्व सङ्कलनमा औसतमा उत्साहजनक देखिएको छ । भदौको समग्र राजस्व सङ्कलनले आगामी दिनको दिशानिर्देश गर्नेछ", उहाँले भन्नुभयो ।

भन्सार विभागले कार्यालयलाई गत आवको साउनमा रु चार अर्ब २४ करोड ६३ लाख ३५ हजार लक्ष्य निर्धारण गरेकामा सो अवधिमा लक्ष्यको ९६ दशमलव ०१ प्रतिशत अर्थात् रु चार अर्ब सात करोड ६९ लाख ९५ हजार राजस्व सङ्कलन गरेको थियो ।

कार्यालयको गत आवको साउनको तुलनामा चालु आवको साउनमा राजस्व सङ्कलन रु ३२ करोड ४७ लाख ८४ हजारले घटेको छ ।

प्रमुख भन्सार अधिकृत बरुवालले गत आवको साउनको तुलनामा चालु आवको साउनमा समग्रमा राजस्व सङ्कलनमा केही कमी आएको बताउनुभयो । कार्यालयले आव २०७९/८० को साउनमा भने रु तीन अर्ब ६१ करोड ८५ लाख दुई हजार राजस्व सङ्कलन गरेको थियो ।रासस

# लगानी बिना नै लोभलाग्दो आम्दानी

सर्लाही । पर्याप्त पोषणतत्व भएको निगुरोलाई गृहिणीहरू स्वादिलो तरकारी र अचारको सूचीमा राख्ने गरेका छन् । हाम्रो देशमा निगुरोको अचार नखाने विरलै होलान् । निगुरो पाइने याममा प्रायः गृहिणीले हाटबजारमा यो बहुपयोगी वनस्पति किन्ने गरेका छन् ।

झाडीमा उम्रिने यस वनस्पति कुनै औषधि तथा विषादीविना उत्पादन हुने भएकाले लाभदायक हुन्छ । वनमा आफैँ उत्पादन हुने भएकाले यसलाई खोजेर टिप्नबाहेक अन्य कुनै लगानी नलाग्ने यहाँका स्थानीय बताउँछन् । लगानी नलाग्ने भएका कारण निगुरोको पोषण र स्वाद जस्तै आम्दानी लोभलाग्दो छ । सर्लाहीको बरहथवा नगरपालिका-९, मूर्तियाको तीन दर्जन परिवारले निगुरो टिपेरै मनग्य आम्दानी गरिरहेका छन् । विगत १० वर्षदेखि यस क्षेत्रका स्थानीयले प्रत्येक वर्ष चैतको तेस्रो हप्तादेखि असोजको अन्तिमसम्म गाउँ नजिकैको वनमा उम्रिएको निगुरो टिपेर बेच्ने गरेका छन् ।

जिल्लाको बरहथवा नगरपालिका-९, मूर्तिया निवासी सविता कुशवार दैनिक बिहान बेलुवा दुई घण्टा घर नजिकैको डाँफे सामुदायिक वन पुगेर निगुरो टिप्नुहुन्छ । निगुरो राम्रो भेटिएको दिन ३० देखि ३५ मुठासम्म टिप्ने गरेको उहाँले बताउनुभयो । "यसरी टिपेको निगुरो जोडी मुठाको २५ रुपैयाँमा बिक्री हुन्छ", उहाँले भन्नुभयो, "दिनको सात सयसम्मको निगुरो टिप्ने गरेको छु ।"



फुर्सदको समय सदुपयोग गरेर निगुरो टिप्दा घर खर्च चलाउन निकै सजिलो भएको उहाँले बताउनुभयो । वर्षमा सात महिना लगभग टिप्दा ८० देखि ९० हजारसम्म एक जनाले कमाउने गर्छन् । निगुरो टिप्न घरमा भएका सबै उमेर समूह वन पस्ने गरेका अर्का स्थानीय दीपक लामाको भनाइ छ । देख्दा निगुरो टिप्ने त हो नी भन्ने लाग्छ । तर आम्दानीको राम्रो स्रोत बनेको उहाँ बताउनुहुन्छ ।

बरहथवा-९, मूर्तियाका कर्णबहादुर कुशवारले पनि विगत सात वर्षदेखि निगुरो टिप्ने गरेको बताउनुभयो । "राम्रो उत्पादन भएको समयमा दिनमा ५० मुठासम्म टिपेको छु", उहाँले भन्नुभयो, "यसको मूल्य सधैँ एकनाश रहन्छ । धेरै घटबढ गर्दैन", आफ्नो बूढाबूढी नै दैनिक निगुरो टिप्न आउने गरेको उहाँले सुनाउनुभयो । बिहान बेलुका निगुरो टिप्नेले वन भरिने गरेको छ ।

सोही स्थान बस्नुहुने फूलमाया तामाङको दैनिकी पनि उस्तै छ । छिटोछिटो टिप्ने भएकाले दिनमा सात सयसम्मको निगुरो टिपेर बेचेको फूलमायाले बताउनुभयो । "फुर्सदका समयमा गाउँका बुढापाकादेखि बालबालिका सबै निगुरो टिप्न वन पस्छन्", उहाँ भन्नुभयो, "दैनिक बिहानबेलुका दुई/चार घण्टा खट्दा राम्रो कमाई हुन्छ ।" निगुरो टिप्ने काम जागिर भएको उहाँले बताउनुभयो ।

गाउँघरमा पनि चाडबाड तथा भोजभतेरमा निगुरोको माग हन्छ । "गाउँतिरै पनि खोज्ने मान्छे आउछन्", उहाँले भन्नुभयो, "व्यापारीलाई पनि अझै पुगेको छैन् ।" टिप्नसकेजति व्यापारीले लैजान्छन् । व्यापारीहरुले निगुरो बुझाएलगत्तै वा पछि एकमुष्ट मागको सयम पैसा दिने गरेका स्थानीयको भनाइ छ ।

"बसिरहनुभन्दा वनमा निगुरो खोज्यो", उहाँले भन्नुभयो । "पैसामा पनि हुन्छ । निगुरो बेचेर बचत गरेको पैसाले आपत्विपतमा गर्जोटार्नदेखि औषधि उपचारमा सहयोग पुगेको स्थानीय नानीमैया कार्कीले बताउनुभयो । "निगुरो टिप्न थालेदेखि दुई चार रुपैयाँका लागि कसैलाई भन्नु परेको छैन", उहाँले भन्नुभयो, "त्यस्तो दुःख पनि हुन्न् । केही घण्टा खट्ने हो । दुई चार सय भइहाल्छ ।" यसले ठूलो भरथेग भएको उहाँले बताउनुभयो । मीठो मसिनो खान, औषधि उपचार र घरखर्च नै धानेको छ ।"

यस क्षेत्रबाट विगत १० वर्षदेखि निगुरो टिप्ने सङ्कलन गर्ने र काठमाडौँका बजारसम्म पुऱ्याउने गरेको व्यवसायी सुनिता महतोले बताउनुभयो । उहाँका अनुसार सुरुमा स्थानीयले निगुरो टिपेको प्रतिमुठा पाँच रुपैयाँ पाउथे । अहिलो जोडी मुठाको रु २५ पाउँछन् ।

निगुरोसँगै अन्य मौसमअनुसारको तरकारी ढुवानी गर्ने गरेको उहाँले बताउनुभयो । सङ्कलित निगुरो बजारसम्म लैजाने व्यवस्था सुनिताका श्रीमान् धनेश्वर महतोले गर्ने गर्नुभएको छ । यस क्षेत्रका ३६/३७ परिवारले दैनिक निगुरो टिपेर ल्याउने व्यवसायी धनेश्वरले जानकारी दिनुभयो । "दैनिक १२ देखि १५ बोरासम्म निगुरो काठमाडौँ पुऱ्याउँछु", उहाँले भन्नुभयो, "एक बोरामा ८० मुठा हुन्छ । दैनिक हजार मुठा बढी सङ्कलन हुन्छ ।"

निगुरो टिपेर मूर्तिया क्षेत्रका स्थानीयले गत वर्ष लगभग सात महिनाको अवधिमा रु ३० लाख आम्दानी गरेका कृषि ज्ञान केन्द्रका एक अधिकारीले बताउनुभयो ।

मासिक चार लाख बराबरको निगुरो स्थानीयसँग सङ्कलन गरेर बजारमा लैजाने गरेको उहाँको उद्यमी महतोको भनाइलाई आधार मानेर उहाँले त्यति रकम आर्जन हुने अनुमान सुनाउनुभएको हो । ठूलो परिवारका भएका घरका स्थानीयले महिनामा रु एक लाखसम्मको निगुरो टिप्ने गरेका उद्यमी महतोले बताउनुभयो ।रासस

# शीतभण्डार निर्माण अधुरै, किसानको उत्पादन खेर जाँदै

राजविराज । सप्तरीमा शीतभण्डार निर्माण अधुरै रहेको छ । उक्त भवन निर्माण नहुँदा बर्सेनि किसानले उत्पदान गरेको तरकारी र फलफूल खेर जाने गरेको छ ।

सप्तरीको राजविराज नगरपालिका-१५ देउरी भरुवामा २०७५ पुसमा शीतभण्डार निर्माण कार्य सुरु भएको थियो । तीन हजार मेट्रिक टन क्षमता भएको उक्त सहकारी शीतभण्डार निर्माण समयमै निर्माण सम्पन्न नहुँका जिल्लाका किसान मारमा परेका छन् । झण्डै रु २८ करोड लागतको शीतभण्डार निर्माण कार्य २०७८ सालदेखि रोकिएको छ ।

बजेट अभावका कारण शीतभण्डार निर्माण कार्य बीचमै रोकिएको जिल्ला सहकारी सङ्घ सप्तरीका प्रबन्धक रमेशप्रसाद गुप्ताले जानकारी दिनुभयो । शीतभण्डार निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय सरकारबाट रु ६ करोड ३६ लाख उपलब्ध भएको उहाँले बताउनुभयो । "सङ्घीय सरकारले रु १० करोड ७५ लाख उपलबध गराउन बाँकी नै छ, रकम अभावले निर्माणको जिम्मा लिएको कम्पनीले काम गर्न छाडेको छ ।"

स्वीकृत कार्यक्रमअनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग थप बजेट उपलब्ध गराउन पटक पटक माग गर्दैआएको प्रबन्धक गुप्ता बताउनुहुन्छ । सो अन्तर्गत नवलपरासी र सप्तरीमा एकसाथ सहकारी शीतभण्डार निर्माण थालिएको थियो । नवलपरासीमा भने यसअघि नै शीतभण्डार निर्माण भएर प्रयोगमा समेत आइसकेको उहाँको भनाइ छ । सङ्घीय सरकारको ६० प्रतिशत अनुदान, सङ्घ संस्थाहरुको २० प्रतिशत तथा स्थानिय र प्रदेश सरकारको २० प्रतिशत अनुदानमा डेढ कट्ठा जग्गामा उक्त शीतभण्डार निर्माण गर्न थालिएको हो ।



शीतभण्डार अभावले केरा, आँप, आलु, प्याज, लसुनलगायत उत्पादन खेर जाने गरेको छ । किसानले जिल्ला बाहेक अन्य ठाउँमा लगेर आफ्नो उत्पादन बिक्री गर्न सकिरहेका छैनन् । "शीतभण्डार नहुँदा उत्पादन सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ, बिक्री नहुँदा उत्पादन त्यसै खेर जाने गरेको किसानको गुनासो छ", प्रबन्धक गुप्ताले भन्नुभयो । बेमौसममा भने किसानले तरकारी र फलफूल महङ्गोमा किनेर खान बाध्य भएका उहाँको भनाइ छ ।

स्थानीय किसानले उत्पादन गरेको फलफूल र तरकारी सहकारीमार्फत् शीतभण्डारमा भण्डारण गर्ने योजनाका साथ सो शीतभण्डार निर्माण कार्य अघि बढाइएको प्रबन्धक गुप्ता बताउनुहुन्छ । "अहिले उत्पान खेर गइरहेको छ, सुरक्षित साथ राख्न सकिएको छैन", उहाँले भन्नुभयो, "शीतभण्डारको सुविधा भएको खण्डमा बिक्री गर्न नसकिएको तरकारी र फलफूल लामो समयसम्म राख्न सकिन्छ, किसानले अत्यधिक लाभ लिनसक्ने अवस्था बन्थ्यो ।"प्रबन्धक गुप्ताका अनुसार मधेश प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/८२ मा उक्त सहकारी शीतभण्डार निर्माणका रु आठ करोड बजेट विनियोजन गरेको छ । तर हालसम्म सो रकम भने प्राप्न हुन नसकेको उहाँको भनाइ छ । चाडो निर्माण कार्य सुरु गर्नुपर्नेमा जोड दिदै उहाँले जिल्लाका जिल्लामा उत्पादित कृषि उपज भण्डार गर्न शीतभण्डार नभइ नहुने प्रबन्धक गुप्ता बताउनुहुन्छ ।

शीतभण्डार निर्माणको जिम्मा पाएको शर्मा आशिष ओम साइराम, सानोठिमीले बजेट अभावकै कारण समयमै निर्माण सम्पन्न गर्न नसकिएको जनाएको छ । "यसअघि काम गरेको रु तीन करोड ५७ लाख प्राप्त गर्न बाँकी छ", सो निर्माण कम्पनीका प्रतिनिधि सञ्जयकुमार मिश्रले भन्नुभयो । आर्थिक वर्ष २०७७/७८ मा काम गरेको बील पेश गरेपनि त्यसको सुनवाइ नभएको उहाँको भनाइ छ ।रासस

# कर्णाली प्रज्ञा-प्रतिष्ठान गठनसम्बन्धमा विज्ञहरूसँग छलफल

काठमाण्डु । कर्णाली प्रदेशमा प्रज्ञा-प्रतिष्ठान स्थापनाका लागि सुझाव सङ्कलन गरिएको छ । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले नेपाल प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा आइतबार छलफल कार्यक्रम आयोजना गरी कर्णाली प्रदेश सांस्कृतिक नीति र प्रज्ञा-प्रतिष्ठान गठनका सम्बन्धमा विज्ञसँग सुझाव माग गरेको हो ।

प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कर्णाली प्रज्ञा-प्रतिष्ठानको महत्व दर्शाउँदै प्रतिष्ठान गठन प्रक्रिया र सांस्कृतिक नीतिबारे विज्ञहरूसँग सुझाव माग गर्नुभयो । उहाँले संवैधानिक अधिकार प्राप्त भए पनि प्रदेशमा प्रतिष्ठान गठनले अझै पूर्णता पाउन नसकेको भन्नुहुँदै यही कार्यकालमा प्रतिष्ठान स्थापना गर्ने र कर्णालीका संस्कृति संरक्षणमा जनसहभागिता बढाउने उद्देश्य रहेको बताउनुभयो । "खस भाषाको उद्गमस्थल कर्णाली प्रदेशको मौलिकता हराउँदै गएको छ । पुरातात्विक महत्वका सम्पदा, कला संस्कृति र यहाँको जनजीवन जीवन्त राख्न प्रतिष्ठान महत्वपूर्ण छ", मन्त्री भण्डारीले भन्नुभयो, "यस स्थापना गरिने प्रतिष्ठानको संरचना कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे विज्ञहरूका सुझाव लिएर अघि बढ्नेछु ।"


उहाँले विज्ञहरूमाझ 'कर्णाली प्रज्ञा-प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृतिका लागि तयार पारिएको अवधारणा पत्र' प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस)




का पूर्वअध्यक्ष हरिहर अधिकारी 'श्यामल'ले कर्णाली प्रज्ञा-प्रतिष्ठानको आवश्यकता औँल्याउनुहुँदै संरचनागत स्वरूप र सञ्चालन गर्ने शैली (मोडल) समयानुकूल हुनुपर्नेमा जोड दिनुभयो । भाषा आयोगका सदस्य उषा हमालले कर्णालीको भाषा, कला, संस्कृतिको अनुसन्धान गर्न त्यहाँकै जनशक्ति परिचालन गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल पत्रकार महासङ्घका कोषाध्यक्ष कलेन्द्र सेजुवालले प्रतिष्ठानको उद्देश्य पूरा गर्न सञ्चारमाध्यमसँग सहकार्यका लागि सुझाव दिनुभयो । प्रा डा प्रेम खत्रीले संस्थागत संरचनामा बढी राजनीतिरण हुँदा कार्यसम्पादनमा बाधा आउने गरेको अनुभव सुनाउनुहुँदै कर्णाली प्रज्ञा-प्रतिष्ठानको संरचनालाई प्राज्ञिक केन्द्रित बनाउन आग्रह गर्नुभयो ।

छलफलमा सहभागी विषयगत विज्ञहरूले प्रतिष्ठानको गठन प्रक्रियाबारे विभिन्न सुझाव दिनुभएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### अधर्मलाई अस्वीकार गर

भगवान कृष्णको जन्मोत्सव धुमधामका साथ मनाइने तयारी भएको छ। हरेक वर्ष भाद्र कृष्णाष्टमीको दिन भगवान श्रीकृष्णको जन्मोत्सव विविध कार्यक्रमहरु गरी मनाइन्छ । द्वापर युगमा भगवान श्रीकृष्ण मानव रुपमा जन्मेर पृथ्वीलाई अधर्मीहरुबाट मुक्त गरेका थिए । पृथ्वीलाई अधर्मीहरुबाट मुक्त गर्न भगवान श्रीकृष्णले अनेकौं लिला गरे। भगवान श्रीकृष्णले महाभारतको युद्ध रोक्न शान्तिको प्रस्ताव अघि सारेका थिए। अत्यन्त लचिलो भएर भगवान श्रीकृष्णले शान्तिपूर्ण समाधान खोज्ने अन्तिम प्रयास गर्दा असफल भएपछि मात्र युद्धको निर्णयमा पुगेका थिए । भगवान श्रीकृष्णले अर्जुनलाई दिएको ज्ञान नै श्रीमद् भागवत गीता हो। भगवान श्रीकृष्णले अधर्मलाई कुनै हालतमा स्वीकार नगर्न प्रेरणा प्रदान गरेका थिए। त्यो आजपनि उतिकै सार्थक र आवश्यक छ । कलियुगमा मानवबीच सौहाद्रतामा निकै कमि आएको छ। मानव मानवबीच धनसम्पत्तीको चरम विवाद छ। धर्म, संस्कृति, समाजिक रीतिप्रतिको लगावमा कमि आउन थालेको छ। धनसम्पत्ति नै अन्तिम लक्ष्य बन्न थालेको छ। अहंकार र इर्ष्याले मानवतालाई कमजोर बनाएको छ। हाल मानव आफ्नो दुःख भन्दा बढी दुःखी अरुको सुखको कारण भइरहेका छन्। अरुको प्रगतिमा खुशी हुनेको संख्या न्यून देखिन्छ। मठमन्दिरहरु लुप्त हुन थालेका छन् । सन्त महन्तहरुमा नैतिक पतन देखिन थालिएको छ । धर्मको नाममा व्यापार गर्नेहरुको वृद्धि हुन थालेको छ। मानव हितका लागि सत्संग गर्ने, गौ सेवा र धर्म रक्षामा समय व्यतीत गर्नेहरुको संख्यामा दिनानुदिन कमी भइरहेको छ। धर्मबाट विमुख भएका भिष्मपितामह, कृपाचार्य, द्रोणाचार्य, कर्णलगायतको अन्त्य रोक्न भगवान श्रीकृष्णले प्रयास गरेनन् । कुमार्गमा लाग्नेलाई भगवानले रक्षा गर्दैनन् भने त्यो सन्देश हो । भगवान श्रीकृष्णको जन्मोत्सवको अवसरमा मानवता धर्मलाई उच्च प्राथमिकतामा राखेर अगाडि बढ्ने हरेक मानवले प्रण गर्नुपर्छ । अधर्मलाई कदापि स्वीकार गर्नु हुँदैन। भगवानले देखाएको सुमार्गमा हिडे कल्याण मात्र हुनेछ। भगवान श्रीकृष्णको जन्मोत्सवको अवसरमा सत्विचार फैलाउन सबैले आ-आफ्नो स्तरबाट प्रण गर्नु पर्छ। अरुलाई दुःख दिने भन्दा आफू सुखी रहेर अरुलाई पनि सुखी बनाउने सोँचको विकास गर्नु पर्छ। आफू भित्रको दानवलाई कृष्णरुपी ज्ञानबाट वध गर्नुपर्छ । सत्य, अहिंसालाई आत्मसात गर्नुपर्छ । मनमा लोभ, मोह, क्रोध रहेसम्म शान्ति सम्भव छैन। धन आर्जन गरेर मात्र शान्ति हुँदैन। आत्मसन्तुष्टिका लागि भगवान श्रीकृष्णको उपदेशको अनुशरण गरौँ। भगवान श्रीकृष्ण जन्मोत्सवको पावन अवसरमा हार्दिक शुभकामना।

# कुहिरो भित्रको काग बन्दै विद्यार्थी आन्दोलन



तिर्सना हमाल

जब देशमा सङ्कट देखापर्छ, मानिसहरू विद्यार्थी आन्दोलनको आवश्यकता महसुस गर्छन् । हामीकहाँ विद्यार्थी आन्दोलनको इतिहास नै त्यस्तै छ। निरङ्कुश जहानियाँ राणाशासनविरुद्ध होस्, निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध होस्, वा निरंकुश राजतन्त्र हटाएर गणतन्त्र ल्याउने ०६२/६३ को जनआन्दोलन होस्– अग्रपंक्तिबाट आवाज उठाउनेहरु विद्यार्थी नै थिए। देशमा महँगी बढ्दा होस् या कुरीति, कुशासन वा भ्रष्टाचार मौलाउँदा होस्; त्यसविरुद्ध बोल्ने विद्यार्थी नै हुन्थे। त्यसैले विद्यार्थी आन्दोलन नेपालको राजनीतिक आन्दोलनको पर्याय बन्न गएको छ, तर पछिल्ला केही वर्षयता विद्यार्थी आन्दोलन कुहिरोभित्रको कागजस्तै भएको छ। सडकबाजका रूपमा देखापर्ने विद्यार्थी आन्दोलन साह्रै नमिठा आपसी कचिङ्गलमा रुमलिएको छ। विचारधारात्मक बहस छेड्ने तागतको कुरै छाडौं, वर्तमानमा विद्यार्थी संगठनहरूले न शैक्षिक सुधार वा रूपान्तरणका लागि आन्दोलनको उठान गर्न सकेका छन्, न त सामाजिक सुधारका एजेन्डामा आवाज उठाउन सकेका छन् । विद्यार्थी छन् तर विद्यार्थी आन्दोलन हराएको छ, विद्यार्थी संगठन छन् तर एजेन्डाविहीन भएर आन्तरिक अन्तर्कलहमा व्यस्त भएका छन् । वास्तवमा विद्यार्थी भनेका समाजको भविष्य र परिवर्तनका मुख्य चालक हुन् । सधैं अग्रगामी चेतना बोक्ने युवा विद्यार्थीहरू ज्ञानका भोका हुन्छन् । उनीहरू देश-समाजमा हुने कुनै पनि असामान्य गतिविधि तथा चित्त नबुझ्ने घटना वा कुरामा आफ्नो विचार व्यक्त गरिहाल्छन् । विद्यार्थी चेतना नयाँको खोजीका लागि सधैं लालायित हुन्छ। विद्यार्थी भनेको केवल पढ्ने-लेख्ने कार्यमा संलग्न भई औपचारिक संरचनाभित्रको व्यक्ति होइन, यो एउटा सोच हो। यो एक ऊर्जाशील चेतना हो।

जुन किशोर वा युवामा नयाँ कुरा सिक्ने इच्छाशक्ति प्रबल छ; समाजमा देखिने अन्याय, अत्याचार, असमानताका विरुद्ध आवाज नउठाइरहन सक्दैन; जो सधैं परिवर्तनका पक्षमा उभिन्छ र नयाँ कार्यका लागि अग्रसर रहन्छ; उही विद्यार्थी कहलाउँछ। यही चेतना, सोच र प्रवृत्तिलाई संगठित रूप दिँदा त्यो विद्यार्थी आन्दोलन बन्छ । यसर्थ विद्यार्थी आन्दोलनमा जमेको पोखरीजस्तो होइन, तुफानी वेगमा बग्ने साउने भेलजस्तो चरित्र हुन्छ।

जुन देश र समाजमा विद्यार्थी आन्दोलन सशक्त हुन्छ, त्यो देशमा राजनीतिक आन्दोलन पनि सही दिशामा हुन्छ । विद्यार्थी आन्दोलन कमजोर तथा सुषुप्त अवस्थामा भएका ठाउँमा राजनीतिक आन्दोलन पनि सशक्त हुँदैन। देशको समग्र व्यवस्था राजनीतिले निर्धारण गर्छ। राजनीतिक व्यवस्था सही हुन त्यो देशभित्रको राजनीतिक आन्दोलन मजबुत र सही दिशामा हुनुपर्छ। जब राजनीतिले बाटो बिराउँछ वा राजनीतिक आन्दोलन एजेन्डाविहीन बन्छ, त्यो देशको भविष्य सङ्कटमा पर्छ।

वर्तमान नेपालको राजनीतिबारे कुरा गर्दा सामाजिक र राजनीतिक संगठनका बारेमा चर्चा गर्नैपर्छ । नेपाली समाजमा आज जुन प्रकारका राजनीतिक समस्या देखापरेका छन्, ती अन्ततः वैचारिक समस्या हुन् । यो आलेख विद्यार्थी आन्दोलन कुहिरोभित्रको काग हुनुका कारण खोतल्न केन्द्रित छ। त्यसका निम्न कारण प्रमुख छन्।

**एजेन्डा विहीनता**

निरङ्कुश जहानियाँ राणाशासनविरुद्ध बोल्नु मृत्युदण्डको सामना गर्नु हुन्थ्यो, त्यस बेला अग्रगामी चेत भएका विद्यार्थीले भारतबाट आवाज उठाएका थिए। पञ्चायती व्यवस्थाका विरुद्ध पनि बोल्न सहज थिएन, यद्यपि ठाउँ ठाउँमा विद्यार्थीले आन्दोलन गरी दलहरुलाई आधार दिएका थिए । दशवर्षे जनयुद्ध र २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा विद्यार्थी संगठनहरुले गणतन्त्र स्थापनाका लागि स्पष्ट वैचारिक एजेन्डा लिएर सडक तताएका थिए। नेपालको राजनीतिक इतिहासमा ऐतिहासिक कोसेढुंगा साबित यी चर्चित आन्दोलनमा मात्र होइन, त्यस अघि र पछि पनि नेपाली विद्यार्थी आन्दोलन स्पष्ट वैचारिक एजेन्डामा आधारित थियो।

प्रमुख राजनीतिक दलहरूले आन्दोलनको उठान गर्न नसकिरहेका बेला समेत स्पष्ट वैचारिक मार्गमा विद्यार्थी अगाडि बढेका थिए । सत्य यो छ कि विद्यार्थी आन्दोलनले उठाएका एजेन्डा र आन्दोलन नै अन्ततः राजनीतिक दलले अपनाएर ऐतिहासिक राजनीतिक परिवर्तन भएका छन्, तर पछिल्लो समय विद्यार्थी आन्दोलन वैचारिक एजेन्डाविहीन भएको आभास हुन्छ।

> जनसंगठनहरुभित्र भइरहेका व्यक्तिकेन्द्रित गलत सांगठनिक अभ्यासलाई अन्त्य गरी तीव्र वैचारिक बहसलाई बढावा दिएर विचार निर्माणको अवयवका रूपमा विद्यार्थी संगठनहरुलाई विकास गर्नु जरुरी छ । विद्यार्थी संगठनहरुभित्र मौलाउँदै गएको वैचारिक अन्योलता, दिशाहीनता र व्यक्तिकेन्द्रित राजनीतिक कुसंस्कारलाई चिरेर कुहिरोभित्र हराएको आन्दोलनलाई स्पष्ट वैचारिक दिशा प्रदान गर्नु आजको आवश्यकता हो ।

यतिखेर कुनै पनि विद्यार्थी संगठनले आफ्नो स्पष्ट वैचारिक दृष्टिकोण अगाडि सार्न सकेको देखिँदैन । मातृ पार्टीले सञ्चालन गरेको आन्दोलन वा कार्यक्रममा सहभागी हुनेबाहेक विद्यार्थी संगठनहरूले स्वतन्त्र आन्दोलनका कार्यक्रम विकास गरेको देखिँदैन । सामान्य समसामयिक विषयमा प्रतिक्रियात्मक टिप्पणी गर्नेबाहेक व्यवस्थित कार्यक्रम र कार्ययोजना विकास गर्नेतिर संगठनहरू लागेको पाइँदैन । यही नै विद्यार्थी संगठनहरूभित्रको वैचारिक समस्या हो।

विद्यार्थी नेताहरू विचार दृष्टिकोणको बहसमा भन्दा विशुद्ध प्राविधिक विषयमा अलमलिएको प्रस्ट देखिन्छ । विद्यार्थी संगठनका मुद्दाहरू स्पष्ट नहुँदा उनीहरूको आन्दोलनलाई समर्थन गर्ने आधार कमजोर हुँदै गएको छ । विद्यार्थी आन्दोलनले विगतमा महत्त्वपूर्ण मुद्दाहरू उठाएका थिए, आजका दिनमा तिनको प्रभाव र धार हराएको देखिन्छ।

**वैचारिक बहसको अभाव**

कुनै पनि राजनीतिक सङ्घ-संगठन वा दलको जीवन्तता र प्रभावकारिता त्यस संगठनले बोक्ने विचारले निर्धारण गर्छ। स्पष्ट वैचारिक कार्यदिशा तथा दृष्टिकोण नभएका राजनीतिक संगठनहरू मौसमी हुन्छन्। एउटा निश्चित समयमा खहरे भेलसरी उदाउँछन् र त्यसैगरी विलीन भएर जान्छन्।

मानिसको चेतनालाई व्यवस्थित दिशानिर्देश गर्ने राजनीतिक विचारले नै हो। व्यक्तिले बोक्ने विचारले उसको सामाजिक अस्तित्व र यात्रा निर्धारण हुन्छ । त्यसैगरी कुनै पनि देशभित्रका राजनीतिक सङ्घ-संगठनहरूले बोक्ने विचारले नै त्यो देशको अस्तित्व र यात्रा निर्धारण हुन्छ। देशको नेतृत्व गर्ने राजनीतिक दल वा तिनका नेतामा वैचारिक स्पष्टता, त्यसप्रतिको दृढता र देश बदल्ने सपना जस्तो भयो, त्यही अनुसार त्यो देशको भविष्य तय हुन्छ।

पछिल्लो समय समाजको वैचारिक धार क्रमशः मत्थर हुँदै गएको देखिन्छ । समाजमा जति बढी वैचारिक बहस, छलफल, अध्ययन तथा अन्तर्क्रिया हुन्छन्; त्यति नै देशले सही राजनीतिक नेतृत्व प्राप्त गर्छ । साथै सङ्घर्षको मैदानमा उत्रिने नेताहरूमा वैचारिक स्तर विकास र समृद्ध हुँदै जान्छ। राजनीतिक विचारहरू जति बढी सङ्घर्षको मैदानमा माझिन्छन्, त्यति प्रभावशाली हुन्छन्, तर हिजोआज जनसंगठनहरू वैचारिक बहसमा होइन, सामाजिक सञ्जालमा ओइरिने गाली, आवेग, प्रतिक्रियाभित्र सीमित हुने गरेका छन् । वास्तवमा समाजको वैचारिकी निरन्तर कमजोर हुँदै गएको भान हुन्छ।

**व्यक्तिगत कुण्ठा**

हिजोआज विद्यार्थी संगठनमा मात्र होइन, प्रायः सबै जनसंगठनमा विचार दृष्टिकोणमाथि कम छलफल हुन्छन् । निर्धारित कार्य अवधिभर ती कमिटी सधैं आन्तरिक विवाद मिलाउन वा व्यक्ति-व्यक्तिको व्यवस्थापन गर्नेतिर बाहेक कतै पुगेको देखिँदैन । व्यक्तिगत कुण्ठामा राजनीतिक जनसंगठनहरूको सिङ्गो कार्यकाल बित्ने गरेको छ।

प्रथमतः संगठनहरूमा साझा छलफल, बहस तथा अन्तर्क्रिया नभई कुनै निश्चित एक व्यक्तिको एकमनावाद लागु भएको देखिन्छ । त्यसो हुँदा त्यसभित्र रहेका नेता तथा सदस्यहरूका व्यक्तिगत स्वार्थ, समस्या, प्रवृत्ति तथा कुण्ठामा संगठन कैद हुन्छ। जब कुनै संगठनका सबै छलफल तथा बैठकहरू व्यक्तिका व्यवस्थापन तथा केही व्यक्तिबाट सिर्जित समस्यामाथि केन्द्रित हुन्छन्, तब त्यो संगठनको मात्र होइन, ऊसँग जोडिएको सिङ्गो समाजकै गति शून्य हुन जान्छ। यसले आन्दोलनको नैतिक आधारलाई कमजोर बनाएको छ।

राजनीतिक प्रकृतिका संगठनहरू समेत विशुद्ध प्राविधिक समितिका रूपमा देखापरेको देखिन्छ । संगठनभित्र आन्तरिक गुटबन्दी र कलह बढ्दै गएको देखिन्छ । गुटबन्दी र आन्तरिक कलहकै कारण राजनीतिक संगठनहरूमा हुनुपर्ने असली एकता र तागत छैन । सामाजिक राजनीतिक परिवर्तनलाई आकार दिने शक्ति तथा संगठनहरू अहिले निष्प्रभावी भएका छन्।

**निरङ्कुशता जन्माउने आधार**

हिजोआज कतिपयले नेपालमा लामो राजनीतिक अस्थिरता र अराजकताबाट वाक्क भएर कुनै निरङ्कुश शासक जन्मिदिए हुन्थ्यो भन्ने कामना गरेको पनि पाइन्छ, तर यो भावुक आवेग मात्र हो।

विश्वको इतिहासले भन्छ, निरङ्कुशताले जनआकांक्षालाई सम्बोधन गरेको कतै भेटिँदैन । निरङ्कुशताले देशलाई सही निकास दिएको कहीँकतै छैन । आजसम्मको संसारको इतिहास हेर्दा जब देशमा राजनीतिक संगठनहरू प्राविधिक रूपमा एकै ठाउँमा रहे पनि आन्तरिक रूपमा छिन्नभिन्न हुन्छन्, यस्तो परिस्थितिमा निरङ्कुशताको उदय हुन सहज हुन्छ। जनसंगठनहरूले समाजमा राजनीतिक अन्तर्क्रियालाई जीवन्त बनाउँछन्; देशभित्र बेलाबेला देखापर्ने सामाजिक विकृति, विसंगति तथा खराबीका आवाज बुलन्द पार्छन्; शक्तिको उन्मादमा सत्तामा हुने गलत निर्णयका विरुद्ध जनआवाज मुखरित गर्छन्।

जनसंगठनहरू कमजोर हुँदा सत्ता निरङ्कुश बन्दै जान्छ। अहिले नेपालको परिस्थिति हेर्दा निरङ्कुशता मौलाउने वातावरण बन्दै गएको देखिन्छ। मानिसहरू अहिलेको यो अन्योल र अराजकतापूर्ण राजनीतिक परिस्थितिभन्दा विगतको राजतन्त्र नै ठिक हो भन्न पुगेका छन्। कतिपयले जंगबहादुरकै खोजी गरेको पाइन्छ। वास्तवमा देशले न फेरि अर्को जंगबहादुरको सहन गर्न सक्छ, न त राजतन्त्रलाई फर्काउन सक्छ। सस्तो भावुकता वा आवेगपूर्ण आकांक्षालाई रोक्नैपर्छ, इतिहास कुनै पनि सर्तमा पछाडि फर्कंदैन। समय त उथलपुथलपूर्ण राजनीतिक विकासकै बिच निरन्तर अगाडि बढिरहन्छ।

नेपालको समग्र राजनीतिमा अहिले एउटा शैली र संस्कारमा अभ्यस्त भइसकेको ६० कटेको पुस्ता हाबी छ। यो लामो राजनीतिक अस्थिरताको कारक यही पुस्ता हो, जुन पुस्ता सहजै आफ्नो संस्कार र शैली बदल्न सक्दैन । देशको भविष्य युवाहरूको हातमा हुन्छ । त्यसैले युवा विद्यार्थीले बाँकी राजनीतिलाई सही ट्र्याकमा ल्याउने उपायमा लाग्नैपर्छ। युवा विद्यार्थीले गहिरिएर सोच्नैपर्छ कि आफ्नो भविष्य अरुका काँधमाथि फालेर कसैको स्वार्थको गोटी बन्नु हुँदैन।

यसअघिको पुस्तामा विकास भएको राजनीतिक शैली र संस्कारले आजको जुन अवस्था निम्त्याएको छ, त्यही शैली र संस्कारलाई अपनाएर आजको विद्यार्थी आन्दोलनले देशको सही नेतृत्व दिन सक्दैन । नेपालको शैक्षिक, सामाजिक तथा राजनीतिक समस्यालाई समाधान गर्न नेपाली विद्यार्थी आन्दोलनलाई सशक्त पार्नैपर्छ।

स्पष्ट वैचारिक दृष्टिकोणयुक्त युवा विद्यार्थी आन्दोलनको विकासमा सबैले ध्यान दिनैपर्छ। जनसंगठनहरूभित्र भइरहेका व्यक्तिकेन्द्रित गलत सांगठनिक अभ्यासलाई अन्त्य गरी तीव्र वैचारिक बहसलाई बढावा दिएर विचार निर्माणको अवयवका रूपमा विद्यार्थी संगठनहरूलाई विकास गर्नु जरुरी छ । विद्यार्थी संगठनहरूभित्र मौलाउँदै गएको वैचारिक अन्योलता, दिशाहीनता र व्यक्तिकेन्द्रित राजनीतिक कुसंस्कारलाई चिरेर कुहिरोभित्र हराएको आन्दोलनलाई स्पष्ट वैचारिक दिशा प्रदान गर्नु आजको आवश्यकता हो। (हमाल अखिल (क्रान्तिकारी) की केन्द्रीय उपमहासचिव हुन्।)

# प्रधानमन्त्रीलाई भेट्न जाँदा मन्त्री पद 'सरप्राइज'



कमल थापा

२०५४ जेठ ४ गते म सिंहदरबारस्थित आवास तथा भौतिक योजना मन्त्रालयको कार्यकक्षामा व्यस्त थिएँ। प्रधानमन्त्रीज्यूले फोनमा कुरा गर्न खोजेको जानकारी निजी सचिवले दिए।मैले फोन उठाएँ। सदाझैँ भद्र र शालीन आवाजमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले सोधे- 'कमलजी, एकछिन यता आउन सक्नुहुन्छ कि ?'

'हस् !' भनेर फोन राखी म तुरून्तै प्रधानमन्त्री निवास बालुवाटारतिर लागेँ । 'प्रधानमन्त्रीले किन बोलाउनुभयो होला !' मनमा खुलदुली भइरह्यो । बाटोभरि अनेक कुरा खेलाउँदै बालुवाटार पुगें । प्रधानमन्त्री चन्द मलाई नै पर्खिएर बसिरहेको थाहा पाएँ। म सोफामा बस्नेबित्तिकै प्रधानमन्त्रीबाट प्रस्ताव आयो- 'डा. प्रकाशचन्द्र लोहनीले भर्खरै राजीनामा दिएर जानुभयो। कमलजीले परराष्ट्रमन्त्रीको जिम्मेवारी लिइदिनुहुन्थ्यो कि ?'

लोकेन्द्रबहादुर चन्द सधैं छोटो कुरा गर्ने। लामो व्याख्या, विश्लेषण गरेर, फुलबुट्टा भरेर कुरा गर्ने स्वभावै होइन उनको। नेपाली राजनीतिमा स्वच्छ छवि भएका कमै राजनीतिज्ञहरूमध्ये एक मानिन्छ चन्दलाई। राजनीतिबाहेक साहित्यमा उच्च रूचि र राम्रो दखल छ। मदन पुरस्कार विजेता चन्दका थुप्रै साहित्यिक कृति प्रकाशित छन्।

प्रधानमन्त्रीले परराष्ट्रमन्त्री भैदिन गरेको आग्रह अस्वीकार गर्ने कुनै कारण थिएन। मैले तत्कालै 'हुन्छ' भनेँ। सोही साँझ मलाई आवास तथा भौतिक योजनाका अतिरिक्त परराष्ट्रमन्त्रीमा नियुक्त गरिएको राजदरबारको विज्ञप्ति प्रकाशित भयो।बालुवाटारबाट निस्कँदा मेरो मन प्रफुल्लित थियो तर डा. लोहनीले राजीनामा दिएको विषयले भने अलि दुःखित भएँ।

केही दिन अघिमात्र स्थानीय निर्वाचन सम्पन्न भएको थियो। सो निर्वाचनमा नेकपा (एमाले)का तर्फबाट गृहमन्त्री रहेका वामदेव गौतमले 'ठाडो हस्तक्षेप गरी निर्वाचन परिणाम प्रभावित तुल्याए' भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीभित्र निकै विरोध भइरहेको थियो। डा. लोहनीलगायत मन्त्रिमण्डलमा रहेका राप्रपाका हामी प्रायः सबै मन्त्री गृहमन्त्रीको ज्यादति र प्रधानमन्त्रीको निरीहपनप्रति असन्तुष्ट थियौँ। त्यसबारे हामीबिच छलफल भइरहेको थियो। आवश्यक भए सामूहिक रूपमा सरकारबाट अलग्गिने कुरा पनि भएको थियो।

> परराष्ट्र मन्त्रालय मेरा लागि प्रियमात्र होइन, आकर्षक पनि हो । अन्तर्राष्ट्रिय सम्बन्धको विद्यार्थीका नाताले कूटनीतिमा सुरुदेखि मेरो रुचि थियो । विभिन्न मुलुकका परराष्ट्रमन्त्रीका गतिविधि र भूमिकाबाट म निकै प्रभावित थिएँ । डा. हेनरी किसिङ्जरको त फ्यान नै हुँ । सोभियत संघका आन्द्रेय ग्रोमिको, भुटानका दावा छिरिङ, पाकिस्तानका जुल्फिकर अलि भु ो पनि मेरा मन पर्ने विदेश मन्त्रीहरु हुन् । किसिङ्जरले अमेरिकी परराष्ट्रमन्त्रीको हैसियतमा सन् १९७१ मा गरेको चीनको गोप्य भ्रमण, शीत युद्धकालमा विभिन्न देशका परराष्ट्रमन्त्रीहरुले संयुक्त राष्ट्रसंघमा दिएको प्रवचनले मेरो मनमस्तिष्कमा अमिट छाप परेको छ ।

तर, अचानक डा. लोहनीले राजीनामा दिएर हिँडे। त्यही रिक्त रहेको परराष्ट्र मन्त्रालय सम्हाल्नुपरेको हो।

नेकपा (एमाले) को सहयोगमा राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द २०५३ फागुन २९ गते प्रधानमन्त्री भए। सरकार गठनका बखत उनले मलाई जलस्रोतमन्त्री बनाउने बचन दिएका थिए। तर, किन हो कुन्नि, सो मन्त्रालय आफैँसँग राखी मलाई त्यस बखत आवास तथा भौतिक योजना मन्त्रालयको जिम्मेवारी दिइयो। आफ्नो रूचिको मन्त्रालय नपाउँदा स्वभावतः म खासै सन्तुष्ट हुने कुरा भएन तर बाहिर केही बोलेको थिइनँ। सायद, त्यही बुझेर होला, परराष्ट्रसहित दुवै मन्त्रालयको जिम्मेवारी ममाथि आयो। नियतिको खेल बुझ्न सकिन्न तर समय अत्यन्त बलवान् छ। अन्ततः २०५४ जेठ ४ गते बयालिस वर्षको उमेरमा म परराष्ट्र मन्त्रालयको कार्यभार सम्हाल्न पुगेँ।

परराष्ट्र मन्त्रालय मेरा लागि प्रियमात्र होइन, आकर्षक पनि हो। अन्तर्राष्ट्रिय सम्बन्धको विद्यार्थीका नाताले कूटनीतिमा सुरूदेखि मेरो रूचि थियो। विभिन्न मुलुकका परराष्ट्रमन्त्रीका गतिविधि र भूमिकाबाट म निकै प्रभावित थिएँ।परराष्ट्र मन्त्रालय मेरा लागि प्रियमात्र होइन, आकर्षक पनि हो। अन्तर्राष्ट्रिय सम्बन्धको विद्यार्थीका नाताले कूटनीतिमा सुरूदेखि मेरो रूचि थियो। विभिन्न मुलुकका परराष्ट्रमन्त्रीका गतिविधि र भूमिकाबाट म निकै प्रभावित थिएँ। डा. हेनरी किसिङ्जरको त फ्यान नै हुँ। सोभियत सङ्घका आन्द्रेय ग्रोमिको, भुटानका दावा छिरिङ, पाकिस्तानका जुल्फिकर अलि भुट्टो पनि मेरा मन पर्ने विदेश मन्त्रीहरू हुन्। किसिङ्जरले अमेरिकी परराष्ट्रमन्त्रीको हैसियतमा सन् १९७१ मा गरेको चीनको गोप्य भ्रमण, शीत युद्धकालमा विभिन्न देशका परराष्ट्रमन्त्रीहरूले संयुक्त राष्ट्रसङ्घमा दिएको प्रवचनले मेरो मनमस्तिष्कमा अमिट छाप परेको छ।

नेपालकै परराष्ट्रमन्त्रीहरू डा. डिल्लीरमण रेग्मी, डा. तुलसी गिरी, ऋषिकेश शाह, कीर्तिनिधि विष्ट, पद्मबहादुर खत्री, शैलेन्द्रकुमार उपाध्यायहरूको विद्वता, छवि, व्यक्तित्व र 'ग्ल्यामर' बाट म निकै प्रभावित छु। त्यसैले कुनै दिन परराष्ट्रमन्त्री भएर काम गर्ने सुषुप्त चाहना मभित्र निकै अगाडिदेखि नै जागृत भएको थियो।

हुन त त्यसअघि पनि म झण्डै परराष्ट्रमन्त्री भइसकेको थिएँ। २०५२ भदौमा मनमोहन अधिकारी नेतृत्वको नेकपा (एमाले) को अल्पमतको सरकार हटेपछि प्रधानमन्त्री भएका नेपाली कांग्रेसका शेरबहादुर देउवा नेतृत्वको सरकारमा राष्ट्रिय प्रजातन्त्र पार्टी सहभागी थियो। सो सरकारमा राप्रपाको पहिलो मन्त्रीको रूपमा मलाई खटाइयो। मन्त्रीमा मेरो नाम सिफारिस भएपछि प्रधानमन्त्री देउवाले 'कमलजीलाई कुन मन्त्रालय दिने' भनेर राप्रपा अध्यक्ष सूर्यबहादुर थापालाई फोन गरे। अध्यक्ष थापाले मेरै अगाडि मलाई नसोधिकनै 'कमल थापालाई परराष्ट्र दिनुहोस्' भने। फोन राखेर अध्यक्ष थापाले मतिर हेर्दै भने, 'देशभित्र तपाईंको राम्रो छवि बन्दैछ, अब अन्तर्राष्ट्रिय क्षेत्रको अनुभव हासिल गर्नुपर्छ। देशविदेशका नेताहरूसँग चिनजान गर्नुपर्छ।'

सूर्यबहादुर थापाको भनाइबाट म भावविह्वल भएँ। मप्रति उनको स्नेह र सद्भाव छ भन्ने त थाहा थियो तर मेरो व्यक्तित्व निर्माणमा समेत त्यति धेरै चिन्ता र चासो राख्लान् भन्ने मलाई पहिलो पटक अनुभव भयो।सूर्यबहादुर थापा नेपाली राजनीतिका शिखर व्यक्तित्व हुन्। २०१७ पुस १ गते राजा महेन्द्रले शासन व्यवस्था हातमा लिएपछि गठन भएको मन्त्रिपरिषद्मा डा. तुलसी गिरी र विश्वबन्धु थापापछि उनी तेस्रो वरीयतामा थिए। डा. गिरी मन्त्रिपरिषद्को पहिलो अध्यक्ष भए पनि पञ्चायतमा प्रधानमन्त्री पद पाउने पहिलो व्यक्ति सूर्यबहादुर थापा हुन्। उनलाई पञ्चायती व्यवस्थाको संस्थापकमध्ये एक मानिन्छ।

२०४७ सालमा बहुदलीय प्रजातन्त्र पुनःथापना भएपछि हठात् अलपत्र परेका पञ्चायतका कार्यकर्ताहरूलाई सङ्गठित गरेर संरक्षण प्रदान गर्नेमा थापाको ठुलो योगदान छ। बहुदलीय व्यवस्था पुनःस्थापनापछि खडा भएको राष्ट्रिय प्रजातन्त्र पार्टीका संस्थापक अध्यक्ष हुन् सूर्यबहादुर थापा।


परराष्ट्रमा नाम सिफारिस भएपछि उत्साहित हुँदै खुसीको खबर परिवारजनलाई सुनाउन विशालनगर घर पुगेँ। रेडियो नेपालको समाचार सुन्न सबै परिवारजन र घरमा भेलामा भएका पार्टीका साथीहरू एकै ठाउँमा जम्मा भयौँ। तर नसोचेको कुरा, हामीले प्रतीक्षा गरे विपरीत कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रीमा मेरो नाम आयो। आश्चर्य त लाग्यो नै, अलिकति खिन्न पनि भएँ।

पार्टी अध्यक्ष सूर्यबहादुर थापाको सदाशयता र सिफारिसका बाबजुद त्यस बेला म परराष्ट्र मन्त्री हुन पाइनँ। परराष्ट्रमा मेरो नाम सिफारिस भएपछि पार्टीका केही अग्रजहरू (जो आफैँ परराष्ट्र र जलस्रोतजस्ता मन्त्रालयमा जान चाहन्थे)ले प्रधानमन्त्री देउवालाई दबाब दिएकाले सल्लाह विपरीत मलाई कानुनमन्त्री बनाउन बाध्य भएछन्।

२०५४ असोजमा फेरि सूर्यबहादुर थापा चौथो पटक प्रधानमन्त्री हुँदा भने मैले परराष्ट्रको जिम्मेवारी पाएँ। देउवाको नेतृत्वमा परराष्ट्रमन्त्री बनाउन नसके पनि आफ्नै नेतृत्वको सरकारमा मलाई परराष्ट्रमन्त्री बनाएरै छाडे।यसैगरी पहिलो पटक परराष्ट्रमन्त्री भएको करिब अठार वर्षपछि नेकपा (एमाले) का नेता के.पी. शर्मा ओलीको नेतृत्वमा गठित मन्त्रिपरिषद्मा मलाई उपप्रधानसहित तेस्रो पटक परराष्ट्र मन्त्रालयको जिम्मेवारीमा जाने अवसर प्राप्त भयो।

(राप्रपा नेपालका अध्यक्ष तथा पूर्वपरराष्ट्रमन्त्री कमल थापाद्वारा लिखित 'नाकाबन्दी र भूराजनीति-कूटनीतिमा मेरो अनुभव र अनुभूति' पुस्तकमा उल्लिखित एक अंश। उक्त पुस्तक भदौ १० गते विमोचन हुँदैछ )

# भ्रष्टाचार नियन्त्रणमा प्रभावकारीरुपमा काम गर्न प्रधानमन्त्रीको निर्देशन



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले तस्करी र भ्रष्टाचार नियन्त्रणमा प्रभावकारीरुपमा काम गर्न निर्देशन दिनुभएको छ । राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल ट्रष्टलगायत कार्यालयलाई आइतबार तस्करी, भ्रष्टाचार र राज्यको सम्पत्तिको दुरुपयोग नियन्त्रणमा प्रभावकारीरुपमा काम गर्न निर्देशन दिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार भएको वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले विगतमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३३ किलोसम्म सुन तस्कारी भएका घटना स्मरण गराउँदै सम्बन्धित निकाय जिम्मेवार नहुँदा राज्यले ठूलो राजस्व गुमाएको र बेथिति हुर्किएको उल्लेख गर्नुभयो ।

"अब त्यस्ता गतिविधि सैह्य हुँदैन, तस्करी भइरहन सम्भव छैन । तपाईँहरु जसको जे जिम्मेवारी हो, त्यो पूरा गर्न दृढताका साथ लाग्नुस् । कार्यक्षेत्र निर्धारणमा समस्या भएमा पनि ल्याउनुस् । देशलाई बर्बाद हुनबाट जोगाउनुस् । जनतालाई आशा र विश्वास दिने काम गर्नुस", प्रधानमन्त्री ओलीले कडा शब्दमा भन्नुभयो, "आफ्नो प्रभावकारी औचित्य स्थापित गर्न नसक्ने हो भने भने जागिर खानका लागि मात्रै राज्यका निकायहरु खडा गरेर राखिरहनुपर्छ भन्ने छैन ।'' उहाँले अझ राम्रोसँग काम गरुन् भनेर नै ती निकायहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मातहतमा ल्याइएको स्पष्ट गर्नुभयो ।

स्वदेशमा युवाहरुले काम पाउने र सम्मानका साथ काम गर्ने वातावरण हुने गरी काम गर्न निर्देशन दिनुभयो । "लोकतान्त्रिक मूल्य, मान्यताका साथ सुशासन विकास आवश्यक छ । जनताका समस्या सम्बोधनका साथै विकास र समृद्धिको लक्ष्य हासिल गर्न दृढ र कटिबद्ध भएर प्रस्तुत हुनुहोस", उहाँले भन्नुभयो ।

मुख्यसचिव लीलादेवी गड्तौलाले प्रधानमन्त्री कार्यालयसँग सम्बन्धित काममा गत आर्थिक वर्षमा निर्धारण गरिएका लक्ष्यमध्ये ६३ प्रतिशत पूरा हुनु र पुँजीगत खर्च ४८ दशमलव ८९ प्रतिशत मात्र हुनु सुखद् नभएकाले कमीकमजोरीको पहिचान गरी आगामी दिनमा प्रभावकारीरुपमा काम गर्नुपर्ने बताउनुभयो ।बैठकमा प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, सचिवहरुलगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# भूकम्प प्रभावित नागरिकलाई अवरोधरहित राहत उपलब्ध गराउँछौँ: गृहमन्त्री

काठमाण्डु । राष्ट्रियसभाको आइतबारको बैठकमा गृहमन्त्री रमेश लेखकले जाजकारकोट भूकम्प प्रभावितले सहज रूपमा राहत उपलब्ध गराउन सरकार दत्तचित्त भएर लागिरहेको बताउनुभएको छ ।

आइतबारको बैठकमा 'कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमनसम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस' भन्ने प्रस्तावमाथि सांसदहरूले उठाउनुभएको जिज्ञासाको जवाफमा उहाँले भूकम्प प्रभावित नागरिकलाई अवरोधरहित राहत दिलाउनका लागि सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो ।गृहमन्त्री लेखकले विपद् प्रभावित क्षेत्रमा कुनै कमी कमजोरी हुन नदिई कार्य गर्नेसमेत विश्वास दिलाउनुभयो । विपद्पछिको पुनःनिर्माण गर्न तीनवटै तहका सरकारले समन्वयात्मक रूपमा काम गर्ने वातावरण बनोस् भन्नेमा पनि आफूहरु सचेत रहेको उहाँको कथन छ ।

कार्यविधि र मापदण्डलाई व्यावहारिक बनाउँदै जटिलता हटाउने, सहज रूपमा लाभ प्राप्त हुने वातावरण बनाउन सरकार गम्भीर र जिम्मेवार रहेको गृहमन्त्रीले बताउनुभयो । रुकुमपश्चिमका ३२ हजार नौ सय ९६ घरपरिवारमध्ये १६ हजारले पहिलो किस्तावापत रु ४० करोड बराबरको रकम भुक्तानी पाएका छन् । यस्तै जाजकारकोटका ४८ हजार पाँच सय १६ घरपरिवारमध्ये ४० हजार ४१ परिवारले रु एक अर्ब १० लाख बराबरको भुक्तानी गरिएको छ । दोस्रो किस्ताका लागि योग्य एक हजार ३९ परिवारका लागि थप निकासा भएको गृहमन्त्री लेखकले जानकारी दिनुभयो ।



सल्यानका कुल चार हजार चार सय १७ घरपरिवारका लागि रु पाँच करोड चार लाख २५ हजार बराबरको भुक्तानी भएको बताउँदै थपिएका लाभग्राहीलाई आवश्यक प्रक्रिया अगाडि बढाइएको गृहमन्त्री लेखकले जानकारी दिनुभयो । सुरक्षित स्थानको पहिचान, स्थानान्तरणलगायत विषयलाई सरकारले महत्व दिएको, स्थानीय तहको समन्वयमा आवश्यक स्थानमा सुरक्षित बासस्थान निर्माणमा ध्यान दिइएको उहाँले उल्लेख गर्नुभयो । भूकम्प प्रतिरोधी भवन तथा आवास निर्माणका लागि आवश्यक प्रबन्ध भइसकेको उहाँले जानकारी दिनुभयो ।

भूकम्प र मनसुनजन्य विपद्बाट भत्किएका सडक तथा अन्य पूर्वाधार निर्माणमा सरकारले तदारुकताका साथ काम गरिरहेको उल्लेख गर्दै उहाँले अस्थायी प्रबन्ध गरेर पठनपाठन हुने व्यवस्था गरिएको, स्वास्थ्य संस्थालाई पुनःनिर्माणर सहज सञ्चालनमा विशेष ध्यान दिई आवश्यक सेवा प्रदान गर्नेगरी प्रबध गरिएको जानकारी दिनुभयो । त्यसअघि सांसद् उर्मिला अर्यालले भूकम्प प्रभावितलाई प्रभावकारी रूपमा बासस्थानको व्यवस्था गर्नेगरी अभिभाकत्व लिन, सहज रूपमा खाद्यान्न उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद नरबहादुर विष्टले भूकम्पबाट प्रभावित रुकुमपश्चिम, सल्यान र जाजकारकोटका नागरिकले राहत नपाएको, कठोर कार्यविधिका कारण पुनःनिर्माणको काम हुन नसकेको बताउनुभयो । सांसद गोपाल भट्टराईले जाजरकोट भूकम्पको कुरा गर्दा बाजुरा र बझाङ भूकम्प प्रभावितको विषयलाई छुटाउन नहुने उल्लेख गर्नुभयो । सांसद श्रीकृष्ण अधिकारीले भूकम्प प्रभावितले सहज राहत पाउन नसक्नुको पछाडि सरकारले तय गरेको संरचना र कार्यविधि रहेको बताउनुभयो । सांसद उदयबहादुर बोहोराले स्थलगत अध्ययनका क्रममा पहिलो किस्तासमेत प्राप्त नगरेको, सामान्य राहत तथा कुनै पनि क्षतिपूर्ति पाउन नसकेको उल्लेख गर्दै आवास निर्माणका लागि सहज कानुनी प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद गङ्गाकुमारी बेल्वासेले भूकम्प प्रभावित नागरिक वर्षा र जाडोमा कष्टकर जीवन बिताउन बाध्य भएका भन्दै सरकारले समस्या समाधान गर्दै सुरक्षित बासस्थानको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । सांसद कृष्णबहादुर रोकायाले कतिपय भूकम्प प्रभावितको आवास निर्माणका लागि आवश्यक जग्गा नभएको र अस्थायी टहरा बाढीले बगाएका कारण समस्या पैदा भएको विषय संसद्मा जानकारी गराउनुभयो । सांसद भुवनबहादुर सुनुवारले पटकपटक भूकम्प प्रभावित नागरिकको दैनिक जीवन कष्टकर भएको भन्नेबारेमा सदन र सडकमा विषय उठे पनि सरकारी निकायले कुनै सुनुवाइ नगरेको गुनासो गर्नुभयो ।

सांसद सुमित्रा बिसीले भूकम्प प्रभावितले राहत पाउन नसक्नुको पछाडि अव्यवहारिक एवं अवैज्ञानिक कार्यविधि जिम्मेवार रहेकाले तत्काल त्यसमा संशोधन जरुरी रहेको बताउनुभयो । सांसद गोपीबहादुर सार्की अछामीले स्थायी र दिगो बस्ती पुनःनिर्माणका लागि तदारुकता दिनुपर्नेमा जोड दिनुभयो ।

गत कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी जनधनको क्षति भएको थियो । कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाको स्थलगत अध्ययन अवलोकन तथा अनुगमनसम्बन्धी प्रतिवेदन, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव संसद्मा प्रस्तुत गरिएको थियो । सार्वजनिक नीति तथा प्रत्योजित विधायन समितिका सभापति मायाप्रसाद शर्मा नेतृत्वको टोलीले भूकम्प प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको थियो । यस्तै, बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा जानकारी गराइएको थियो । साथै राष्ट्रिय समावेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन, २०७९/८० सभामा पेश गरिएको छ । राष्ट्रियसभाको अर्को बैठक यही भदौ १३ गते बिहीबार दिउँसो १.१५ बजे बस्नेछ ।रासस

# राष्ट्रियसभा : तोकिएकै समयमा पूर्वाधार निर्माणमा जोड

काठमाण्डु । राष्ट्रियसभा सदस्यहरुले तोकिएको समयमा नै पूर्वाधार निर्माण हुनुपर्नेमा जोड दिनुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकमा उहाँहरुले ठेकेदारको लापरबाही रोकेर तोकिएकै समयमा पूर्वाधार निर्माण सम्पन्न हुनुपर्नेमा जोड दिनुभएको हो ।

विशेष समयमा बोल्दै राष्ट्रियसभा सदस्य सुमित्रा बिसीले आर्थिक वर्षको अन्तिममा हतारमा काम गर्दा गुणस्तरीय काम हुन नसकेको बताउनुभयो ।

उहाँले मध्यपहाडी क्षेत्रका नागरिकलाई लाभ पुऱ्याउने लक्ष्यका साथ मध्यपहाडी राजमार्ग निर्माणको काम अगाडि बढे पनि एक दशकसम्म पनि पुल नबन्दा सुविधा पाउन नसकेको बताउनुभयो ।

"कालोपत्र भइसके पनि पुल निर्माण हुन नसक्दा आवतजावतमा समस्या भएको छ," उहाँले भन्नुभयो । सांसद रेणु चन्दले बाढी तथा पहिरोका कारण नागरिकको मृत्यु भएको उल्लेख गर्दै सरकारले जोखिम न्यूनीकरण गर्न पर्याप्त तयारी गर्नुपर्ने बताउनुभयो । पूर्वतयारीका लागि लगानी बढाउन उहाँले सरकारलाई सुझाव दिनुभयो ।

सांसद युवराज शर्माले दिगो विकासको लक्ष्य पूरा गर्न सरकारले तत्परता देखाउनुपर्नेमा जोड दिनुभयो ।



"सरकारले निजी क्षेत्रका माग पूरा गर्ने नीति लिनुपर्छ," उहाँले भन्नुभयो । सांसद उदयबहादुर बोहोराले समयसापेक्ष संविधान संशोधन गर्न आवश्यक रहेको उल्लेख गर्दै तर यसमा साना दललाई पनि समावेश गर्न सरकारलाई सुझाव दिनुभयो । "संविधान संशोधन गर्नुहुँदैन भन्ने होइन्, कुन कुन विषयमा संशोधन गर्ने ? कुन लक्ष्यका साथ गर्ने ? भन्ने विषय महत्वपूर्ण छ," उहाँले भन्नुभयो, "सबैको सहमतिमा मात्रै संविधान संशोधन हुनुपर्छ ।"

सांसद बामदेव गौतमले हिमताल फुट्दा धेरै धनजनको क्षति हुनसक्ने भन्दै जोखिम न्यूनीकरणका लागि समयमा नै पहल गर्न सरकारसँग माग गर्नुभयो । "हिमताल फट्छ भनेर अध्ययन भइसकेको छ, फट्छ तर नफुट्ने गरी जोखिम न्यूनीकरण गर्न सकिन्छ । फुटे पनि कम क्षति गर्न सकिन्छ," उहाँले भन्नुभयो, "उपाय खोजौँ । जोखिम भएका बस्तीलाई स्थानान्तरण गरौँ ।"

सांसद भुवनबहादुर सुनुवारले १६औँ पञ्चवर्षीय योजनामा बजेटको व्यवस्था गरेर जातीय विभेद अन्त्य गर्नका लागि सरकारसँग आग्रह गर्नुभयो । "जातीय विभेद अन्त्य हुनु जरुरी छ, यसका लागि सरकारका नीति तथा कार्यक्रममा यी विषयवस्तु प्रथामिकतामा राखिनुपर्छ," उहाँले भन्नुभयो, "दलित समुदायको हक अधिकार स्थापित गर्न कानुन नै संशोधन गरिनुपर्छ ।"सांसद पदमबहादुर परियारले पछिल्लो समयमा संस्कृति बिगार्ने किसिमले बजारमा ल्याइएका तीज गीतले समाजमा विकृति फैलाउने भन्दै नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद नरबहादुर विष्टले कर्णाली प्रदेशमा आगामी मङ्सिरमा हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मूल्य वृद्धि नियन्त्रणका लागि सरकारले पहल थाल्नुपर्ने बताउनुभयो । सांसद शारदादेवी भट्टले छाउ गोठमा बस्नुपर्ने बाध्यका कारण महिलाको अकालमै ज्यान गएको भन्दै कडाइका साथ छाउप्रथा अन्त्य हुनुपर्ने बताउनुभयो ।

**मिटरब्याजपीडितलाई न्याय दिन माग**

राष्ट्रियसभा सदस्यहरूले मिटरब्याजपीडितलाई न्याय दिन सरकारसँग माग गरेका छन् । राष्ट्रियसभाको आइतबारको बैठकमा उहाँहरूले यसका लागि कानुन कार्यान्वयनमा जोड दिनुभएको छ ।

बैठकको शून्य समयमा बोल्दै राष्ट्रियसभा सदस्य पूजा चौधरीले मिटरब्याजीको कानुन बने पनि न्याय नपाएको भन्दै कानुन कार्यन्वयन हुनुपर्नेमा जोड दिनुभयो । पीडितले छिटो न्याय पाउनुपर्ने उहाँको भनाइ थियो ।राष्ट्रियसभा सदस्य रुक्मणि कोइरालाले तनहुँमा भारतीय बस खसेर भएको दुर्घटना तथा खोटाङबाट काठमाडौं आउँदै गरेको गाडी दुर्घटनामा परेको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका लागि सरकारले पहल थाल्नुपर्ने सुझाव दिनुभयो ।

सांसद रेणु चन्दले सुदूरपश्चिम क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्नुपर्नेमा जोड दिनुभयो । "सुदूरपश्चिमको मुख्य पर्यटकीय गन्तव्य बडिमालिका र त्रिवेणी क्षेत्रमा राम्रो सञ्चार सुविधा, खानेपानीको पहुँच, अन्य पूर्वाधारको विकास हुनुपनर्छ", उहाँले भन्नुभयो । सांसद विष्णुकुमारी सापकोटाले अभिव्यक्ति स्वतन्त्रताको आडमा छाडापन रोक्नुपर्नेमा जोड दिनुभयो । सांसद विष्णुदेवी पुडासैनीले सडक दुर्घटना न्यूनीकरण गर्न उपाय अवलम्बन गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले बूढानीलकण्ठस्थित करुणा अस्पतालमा गत असार ३१ गते दुई शिशुको मृत्यु भएको घट्नाको सत्यतथ्य छानबिन गरी पीडितलाई न्याय दिन सरकारसँग माग गर्नुभयो । सांसद कृष्णप्रसाद अधिकारीले देशभर विपद्मा एक सय ९७ जनाको ज्यान गएको भन्दै यसतर्फ सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।रासस

# रामेछाप घटनाको प्रभावकारी उद्धार र उपचार गर्न अध्यक्ष दाहालको आग्रह



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले रामेछापको दोरम्बामा आज खसेको भीषण पहिरोमा परेकाहरुको उद्धार र उपचार प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

अध्यक्ष दाहालले रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-३, टोकरपुरको लेकखर्कमा पहिरोमा परी छजनाको दुखद निधन, चारजना बेपत्ता र एकजना घाइते भएको तथा चारवटा घर पूर्णरुपमा क्षतिग्रस्त भएको खबरले स्तब्ध बनाएको बताउनुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै उद्धार, उपचार र राहतमा प्रभावकारी पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

उहाँले प्राकृतिक प्रकोपका मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ ।

उहाँले उद्धारमा जुटेका पार्टीका सबै नेता कार्यकर्तालाई धन्यवाद दिँदै जनसेवामा निरन्तर जुट्न आग्रह गर्नुभएको छ ।रासस

# एमालेको सचिवाल बैठक बिहीबार

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सचिवालय बैठक आगामी बिहीबार बस्ने भएको छ । एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीका अनुसार उक्त बैठक ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बिहीबार दिउँसो १ बजे बस्ने छ ।

यसैगरी, सचिवालय बैठकका 'एजेन्डा' तय गर्न आइतबार केन्द्रीय कार्यालयमा कार्यालय बैठक बसेको थियो । महासचिव शङ्कर पोखरेलको अध्यक्षतामा बसेको कार्यालय बैठकले सचिवालय बैठकका लागि पार्टीको वार्षिक कार्यायोजना र समसामयिक राजनीतिक विषयका एजेन्डा तय गरेको छ । बैठकमा महासचिव पोखरेलसहित उपमहासचिवहरु, सचिवहरु र कार्यालय सचिव सहभागी रहेका सो पार्टीले जनाएको छ ।रासस

# माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने योजना छ : मन्त्री भट्टराई

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने सरकारको योजना रहेको बताउनुभएको छ ।

राष्ट्रिय शिक्षा दिवस-२०८१ मूल समारोह समितिको आइतबारको बैठकलाई सम्बोधन गर्नुहुँदै उहाँले सो व्यवस्था कार्यान्वयनका लागि शिक्षासम्बन्धी ऐन/कानुनको प्रभावकारी कार्यान्वयन र समयानुकूल परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



मन्त्री भट्टराईले दिवसलाई आआफ्नो तहबाट सप्ताहव्यापी कार्यक्रम तय गरी मनाउन अनुरोध गर्नुभयो ।

मन्त्री भट्टराईले दिवसलाई आआफ्नो तहबाट सप्ताहव्यापी कार्यक्रम तय गरी मनाउन अनुरोध गर्नुभयो । यसैगरी उहाँले प्रदेशस्तरमा शिक्षा दिवसका कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न प्रदेश सरकार, मुख्यमन्त्रीको कार्यालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत अनुरोध गरी पठाउने र प्रदेशका शिक्षा हेर्ने मन्त्रालयलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पत्राचार गर्ने बताउनुभयो । दिवसलाई भव्य र सभ्य बनाउने उद्देश्यले सरोकार भएका मन्त्रालय, सङ्घ/संस्था र अन्य सम्बन्धित निकायसँग आइतबार छलफल गरिएको हो । बैठकमा राष्ट्रिय शिक्षा दिवस मनाउने सम्बन्धमा मन्त्रालयबाट हालसम्म भएका कामकारबाही, दिवसका आदर्श वाक्य तय, विभिन्न उपसमिति गठन गर्ने सम्बन्धमा छलफल भएको थियो ।

आइतबारको बैठकले राष्ट्रिय शिक्षा दिवस मनाउने सन्दर्भमा सम्बन्धित विभिन्न निकाय र तहलाई अनुरोध गर्ने निर्णयसमेत गरेको छ । दिवसको मूल आयोजक समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरू, विभिन्न पालिकाका प्रमुख, नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयका उपकुलपति र नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपतिसहित एक सय ३० जना विभिन्न सरोकारवाला सङ्घ/संस्थाका प्रतिनिधिहरु सदस्य रहनुभएको छ ।

नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कारसम्बन्धी निर्देशिका, २०७७ बमोजिम दिवशका अवसरमा प्रदान गरिने पुरस्कारका लागि यसअघि नै निवेदन माग तथा सम्बन्धित निकायबाट नाम सिफारिस गरी पठाउन सार्वजनिक सूचना जारी गरिनुका साथै सम्बन्धित निकायमा पत्राचार गरिसकेको त्यस अवसरमा जानकारी दिइयो ।रासस

# अध्यक्ष नेपालबाट दुई सय ५१ केन्द्रीय सदस्यलाई शपथ

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कमिटीको बैठकमा दुई सय ५१ केन्द्रीय सदस्यको शपथ ग्रहण गराइएको छ । बैठकमा पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मनोनीत ती सदस्यलाई शपथ गराउनुभएको हो ।



मङ्गलबारसम्म बस्ने बैठकमा पदाधिकारीको टुङ्गो लगाउन पूर्ण बैठक बसेको हो । पार्टीमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, उपमहासचिव, कोषाध्यक्षसहित १८ पदाधिकारीलाई पूर्णता दिन लागिएको हो । पार्टीमा तीन सय ४४ सदस्यीय केन्द्रीय सदस्य छन् ।

पोलिटब्यूरो कमिटी र स्थायी समितिसमेत निर्माण गर्ने बैठकले केही नेताहरुको जिम्मेवारी हेरफेर गर्ने केन्द्रीय सदस्य सोमप्रसाद पाण्डेयले जानकारी दिनुभयो । केन्द्रीय संरचनाहरुको निर्माण र विविध विषयमा छलफल गरिने छ । पदाधिकारीका आकाङ्क्षी धेरै भएपछि सातै प्रदेशबाट भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर केन्द्रीय कमिटीको पूर्ण बैठकले पदाधिकारी चयन गर्न मापदण्ड बनाउन लागिएको छ । बैठकले क्लष्टरका आधारमा केन्द्रीय कमिटीमा नेतालाई व्यवस्थापन गर्ने विषयमा छलफल गर्नेछ । पार्टीले युवा, दलित, जनजाति, अल्पसंख्यक, पिछडिएका वर्गलाई पदाधिकारीमा समेट्ने जनाएको छ । केन्द्रीय कमिटीमा अहिले अध्यक्ष, सम्मानित नेता र महासचिव गरी तीन पदाधिकारी छन् ।रासस

# छिमेकी मुलुकबाट भारतमा राजनीतिक शरण

बीबीसी

काठमाण्डु । बाङ्लादेशमा विकसित नाटकीय परिस्थितिबीच बाङ्लादेशकी प्रधानमन्त्री शेख हसिना केही दिनअघि भारतको राजधानी दिल्ली अवतरण गरिन्। उनी र उनको परिवारले यस अघि पनि भारतमा राजनीतिक शरण लिएका थिए। भारत सरकारले सुरुमा हसिना भारतबाट तेस्रो मुलुकमा जान सक्ने सङ्केत गरेको भए पनि हाललाई उनी भारत बाहिर जाने भन्ने जानकारी सार्वजनिक भएको छैन।

अहिले शेख हसिनाको भारतमा खास अवस्था के हो पनि स्पष्ट भइसकेको छैन। तर भारतले शेख हसिनालाई लामो समयको राजनीतिक शरण दिन तयार हुनुपर्ने स्थिति भएको हुन सक्ने जानकारहरू बताउँछन्। अहिलेसम्म भारत सरकारले त्यसबारे कुनै प्रतिक्रिया दिएको छैन।गत अगस्ट ६ तारिखका दिन भारतका विदेशमन्त्री एस. जयशङ्करले देशको संसद्‌लाई शेख हसिनाले अगस्ट ५ का दिन भारत भ्रमणका लागि अस्थायी अनुमति मागेकी र त्यो उनलाई प्रदान गरिएको बताएका थिए। अहिलेसम्म भारत सरकारका तर्फबाट शेख हसिनाबारे आएको यो नै औपचारिक भनाइ हो।

भारतका उच्च अधिकारीहरूलाई समेत हसिना कतिसम्म भारतमा बस्लिन् भन्नेबारे जानकारी छैन त्यसैले उनीहरू त्यसबारेमा प्रतिक्रिया दिन पनि चाहन्नन्।शेख हसिना जस्तै भारतले विभिन्न मुलुकका नेता, राजनीतिकर्मी र उनका परिवारलाई विभिन्न समयमा शरण उपलब्ध गराउँदै आएको छ।शेख हसिनाले यस अघि पनि सन् १९७५ मा आफ्ना बुवा शेख मुजिबुर रहमानको हत्या भएपछि भारतकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीबाट राजनीतिक शरण पाएकी थिइन्।

शेख हसिनाले त्यसबेला भारतमा ६ वर्ष बिताएकी थिइन्। त्यसको केही वर्षअघि अवामी लीगका केही शीर्ष नेताहरू तलुद्दिन अहमद लगायतका नेताहरू बाङ्लादेशको स्वतन्त्रता सङ्ग्रामका बेला सन् १९७१ मा भारतमा आएका थिए र उनीहरूलाई शरण दिइएको थियो।तलुद्दिन अहमद र सैयद नजरुल इस्लामले कोलकातामा बसेर राजनीतिक गतिविधि सञ्चालन गरेका थिए। सन् १९७५ मा शेख मुजिबुर रहमानको राजनीतिक हत्या गरिएपछि स्वतन्त्रता सेनानी कादिर सिद्दिकीले पनि राजनीतिक शरण भारतमा लिएका थिए।शेख हसिना र बाङ्लादेशका राजनीतिक नेता मात्र होइन अन्य देशका नेता तथा तिनका परिवारले पनि भारतमा राजनीतिक शरण लिने गरेका छन्।

**दलाई लामा (१९५९)**

भारतीय इतिहासकार रामचन्द्र गुहाले उनको 'इन्डिया आफ्टर गान्धी' भन्ने पुस्तकमा लेखेका छन्, "मार्च १९५९ को अन्तिम दिन दलाई लामाले म्याकमोहन लाइन काटेर भारत प्रवेश गरे। त्यसको केही वर्ष अघिदेखि तिब्बतमाथि चीनले आफ्नो नियन्त्रण कसिलो बनाउँदै लगेकाले उनले पोताला दरबार ल्हासामा असजिलो जीवन बिताइरहेका थिए। एक स्रोतका अनुसार त्यसबेला तिब्बतमा ५ लाख चिनियाँ सुरक्षाकर्मी तैनाथ गरिएको थियो।""त्यसबेला एकजना चिनियाँ जनरलले दलाई लामालाई १० मार्च १९५९ का दिन एक नृत्य कार्यक्रमका लागि बोलाएका थिए तर त्यसमा लामाका अङ्गरक्षक ल्याउन मनाही गरिएको थियो। त्यो कार्यक्रमका दिन हजारौँ तिब्बतीहरू दलाइ लामाको दरबारअगाडि त्यसको विरोध गर्न जम्मा भएका थिए।"

"तिब्बतीहरूले आफ्ना धर्मगुरुलाई चिनियाँहरूले अपहरण गर्न योजना बनाइरहेको आशङ्का गरिरहेका थिए। यो घटनापछि उनीहरूको शङ्का झन् बलियो भयो। ""त्यसअघि पूर्वी तिब्बतका खम्पाहरूको विद्रोह चिनियाँहरूले दबाइसकेका थिए।" "तिब्बती नेतृत्वले ल्हासामा रहेको भारतीय कन्सुललाई पनि सम्पर्क गरेको थियो। भारतले २३ वर्षे दलाई लामालाई राजनीतिक शरण दिन तयार रहेको आश्वासन पाएपछि उनले गोप्य रूपमा रातको समयमा केही विश्वासपात्रको साथमा तिब्बत छोडेका थिए।"

रामचन्द्र गुहाको पुस्तकका अनुसार दलाई लामाले भारतीय भूमि तवाङस्थित बौद्ध गुम्बामा पहिलो रात बिताएका थिए। त्यसपछि उनी हिमालबाट समथरतिर ओर्लँदै गए र आसामको तेजपुर शहर पुगे। त्यहाँ भारतीय अधिकारीहरूले उनलाई के कसो गर्ने भन्नेबारे 'ब्रिफ' गरेका थिए। त्यसको तीन सातापछि उनलाई भारतीय प्रधानमन्त्रीसँग भेट गराइएको थियो। ३ एप्रिलको दिन भारतका प्रधानमन्त्री जवाहरलाल नेहरुले संसद्मा तिब्बती धर्मगुरु दलाई लामा भारतमा आएको र भारतले उनलाई राजनीतिक शरण दिएको जानकारी दिएका थिए।पण्डित नेहरुले दलाई लामा भौतिक रूपमा स्वस्थ्य रहेको र भारतले यी पाहुनाले पाउनुपर्ने सम्मानसहित राख्ने बताएका थिए।

> अहिले शेख हसिनाको भारतमा खास अवस्था के हो पनि स्पष्ट भइसकेको छैन। तर भारतले शेख हसिनालाई लामो समयको राजनीतिक शरण दिन तयार हुनुपर्ने स्थिति भएको हुन सक्ने जानकारहरू बताउँछन्।

भोलिपल्ट अमेरिकी अखबार न्यू योर्क टाइम्सले लेखेको थियो - कम्युनिस्ट बाहेक सबै पार्टीले त्यो निर्णयको स्वागत गरेका थिए।त्यसयता दलाई लामा भारतमा ६५ वर्षदेखि राजनीतिक शरण लिएर बसिरहेका छन्।धर्मशाला र हिमाचल प्रदेशको म्याकलीओडगन्ज त्यस यता हजारौँ तिब्बती शरणार्थीको घर बनेको छ र तिब्बती निर्वासित सरकार पनि यहीँबाट सञ्चालन हुने गरेको छ।दलाई लामालाई दिएको राजनीतिक शरण स्वतन्त्र भारतको इतिहासमा एकजना विदेशी धार्मिक गुरुलाई दिइएको पहिलो आतिथ्य हो।

**मोहम्मद नजिबुल्लाहको परिवार (१९९२)**

मोहम्मद नजिबुल्लाह अहमदजाइ सोभियतहरूको समर्थनमा सन् १९८६ मा अफगानिस्तानका राष्ट्रपति बनेका थिए। जब इस्लामिक मुजाहिद्दिनले एप्रिल १९९२ मा काबुलमाथि नियन्त्रण जमाए, छ वर्षदेखि राष्ट्रपति रहेका नजिबुल्लाहले भारतमा शरण खोजे र उनलाई पनि भारतमा राजनीतिक शरण दिने निर्णय तत्काल गरियो। अफगानी राजनीतिकर्मी नजिबुल्लाहको भारतसँगको सम्बन्ध बलियो थियो। उनले भारत प्रशासित कश्मीरमा विद्यालय शिक्षा लिएका थिए।

तर जब उनी सन् १९९२ मा भारत आउन खोजे अफगानी सुरक्षा गार्डहरूले उनलाई विमानस्थल जाँदै गर्दा रोके।उनले भारत जाने विमान समात्न सकेनन्। आफ्नो जीवन रक्षाका लागि उनले काबुलस्थित संयुक्त राष्ट्र सङ्घको कार्यालयमा शरण लिए जहाँ मुजाहिद्दिनहरू सजिलै छिर्न सक्दैनन् भन्ने उनले ठानेका थिए।यही खतरा मससुस गर्दै उनले आफ्नी श्रीमती र छोरीहरूलाई केही महिनाअघि नै भारत पठाइसकेका थिए। त्यसबेला त्यो सूचना सार्वजनिक गरिएको थिएन।

धेरै पछि मात्र भारतीय सरकारले नजिबुल्लाहको परिवारलाई दिल्लीमा आतिथ्य प्रदान गर्रिंदै आएको खुलाएको थियो। भारत सरकारले उनीहरूलाई महिनाको एक लाख भारतीय रुपैयाँ र सुरक्षा पनि प्रदान गरेको थियो।सन् १९९६मा भारतका विदेशमन्त्री आईके गुजरालले संसद्‌लाई राष्ट्रपति नजिबुल्लाहको परिवार सन् १९९२ देखि भारतमा बस्दै आएको जानकारी दिए।उनले भने, "मैले श्रीमती नजबुल्लाहलाई भनेको थिएँ भविष्यमा तपाईं र तपाईंका परिवारका सदस्यले के गर्नुहुन्छ भन्ने तपाईंको निर्णय हो तर तपाईं हाम्रो देशमा सम्मानित पाहुनाका रूपमा जतिजेन्ल बस्न चाहनुहुन्छ त्यो हामी उपलब्ध गराउनेछौँ।"

नजिबुल्लाहकी श्रीमती र उनका तीन छोरीहरू हिला, मोस्का र ओनाइले दिल्लीमै पढे र त्यहीँ बसोबास गरे। मोस्का नजिब अहिले अन्तर्राष्ट्रिय रूपमा चिनिएकी लेखक र फोटोग्राफर हुन्।उनले बीबीसीको दिल्ली ब्यूरोमा पनि काम गरेकी थिइन्। उनका अरू बहिनीहरू स्वीट्जरल्यान्ड र सिङ्गापुरमा बस्छन्। नजिबुल्लाहले आफ्ना श्रीमती र छोरीहरूलाई कहिल्यै भेट्न पाएनन्।जब तालिबानले काबुल नोर्दर्न अलायन्सबाट सन् १९९६ मा आफ्नो कब्जामा लियो अलायन्सका नेताहरूलाई शहर छोडेर भाग्न भनियो।

तर नजिबुल्लाह आफू पश्तुन भएका कारण र तालिबानका कैयौं मुख्य नेताहरू पश्तुन भएका कारण आफूलाई केही नगर्लान् भन्ठाने। तर सेप्टेम्बर १९९६ मा तालिबान लडाकुहरू काबुलस्थित राष्ट्रसङ्घको कार्यालमा घुसेर नजिबुल्लाहलाई बाहिर निकाले र उनलाई सार्वजनिक रूपमा यातना दिइयो, गोली हानियो र काबुलको राष्ट्रपति भवन बाहिर झुन्ड्याइयो।उनको त्यो तस्बिर तालिबानको क्रुरताको एक प्रमाणका रूपमा धेरै ठाउँमा प्रयोग गर्ने गरिन्छ।भारतले राजनीतिक शरण दिन सहमति जनाएपनि भारत पुग्न नपाउने नेता बने उनी।

**मोहम्मद नशीद (२०१३)**

भारतले मालदिभ्सका पूर्व राष्ट्रपति तथा राजनीतिक अभियानकर्मी मोहम्मद नशीदलाई राजनीतिक शरण दिएको थियो। मोहम्मद नशीद मालदिभ्समा सन् २००८ मा राष्ट्रपति मोमुन अब्दुल गैयुमको तीस वर्षे शासनकाल अन्त्य गर्दै शक्तिमा आएका थिए।तर देशमा भएको राजनीतिक सङ्कटका कारण उनले सन् २०१२ मा राजीनामा दिनुपरेको थियो।फेब्रुअरी १३, २०१३ मा मालदिभ्सको अदालतले निवर्तमान राष्ट्रपतिविरुद्ध लागेको एक मुद्दामा गिरफ्तारी आदेश दियो।प्रहरीले उनलाई गिरफ्तार गर्नुभन्दा अघि नै उनले राजधानी मालेस्थित भारतीय दूतावासमा शरण लिए।भारतीय राजदूतले तत्काल त्यो परिस्थितिबारे दिल्लीसँग छलफल गरे र मनमोहन सिंहको सरकारले मोहम्मद नशीदलाई तत्काल राजनीतिक शरण दियो।

तर यो परिस्थिति लामो समय रहेन। आन्तरिक सम्झौताका क्रममा नशीद विरुद्धको गिरफ्तारी आदेश रद्द भयो र उनी फेरि राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार बने। भारत पनि असजिलो परिस्थितिबाट बाहिर आयो।तर मालदिभ्सका पूर्व उपराष्ट्रपति अहमद अदीब अब्दुल गफुरले भने भारतमा प्राप्त गर्न खोजेको राजनीतिक शरण पाएनन्। उनी र नौ जना 'कार्गो भेसल'मा भारतको तामिलनाडुको तटीय क्षेत्रमा आइपुगेका थिए। उनीसँग सोधपुछ गरियो र उनको अनुरोध अस्वीकार गरियो।त्यो पानी जहाज फिर्ता गरिएपछि मालदिभ्सको प्रहरीले अदीब अब्दुल गफूरलाई गिरफ्तार गरे।

**राजा त्रिभुवन (१९५०)**

नोभेम्बर १९५० मा तत्कालीन राजा त्रिभुवन वीर विक्रम शाहले आफ्ना छोरा महेन्द्र, जेठो नाति वीरेन्द्र र अरू परिवारका अन्य सदस्यसहित नेपालस्थित भारतीय राजदूतावासमा शरण लिएका थिए।त्रिभुवनले राणाहरूसँग लामो समयदेखि रहेको मतभेदपछि त्यस्तो निर्णय लिएका थिए।

प्रधानमन्त्री मोहन शमशेर जङ्ग बहादुर राणाले आपत्कालीन मन्त्रिपरिषद् बैठक डाकेर दिल्ली जाने समूहमा कारणबस छुटेका राजा त्रिभुवनका चार वर्षे नाति ज्ञानेन्द्रलाई राजा बनाउने घोषणा गरे।तीन दिन पछि १० नोभेम्बर १९५० का दिन दुईवटा भारतीय विमान काठमाण्डूको गौचर विमानस्थलमा ओर्लिए र त्रिभुवन र उनका परिवार दिल्ली गए।उनीहरूलाई दिल्लीमा त्यस बेलाका प्रधानमन्त्री जवाहरलाल नेहरु र अन्य सरकारी अधिकारीले स्वागत गरे। राजा र उनका परिवारलाई दिल्लीले राजनीतिक शरण दियो।

तर राजा त्रिभुवनलाई दिल्लीमा तीन महिनाभन्दा लामो समय रहनु परेन। राजा देशबाट बाहिरिए लगत्तै देशमा राणा शासन विरुद्धको आन्दोलन चर्कियो र अन्ततः दिल्लीको मध्यस्थतामा तत्कालीन सरकार सम्झौता गर्न बाध्य भयो।नेपालमा राणा शासनविरुद्ध भएका आन्दोलनका क्रममा र एकदलीय पञ्चायती व्यवस्था भएका बेलामा प्रजातन्त्रवादी र कम्युनिस्ट नेताहरू भारतमा स्वनिर्वासनमा बसेका थिए।नेपालीहरूका लागि भिसा आवश्यक नपर्ने भएकाले नेपाली नेताहरूका लागि राजनीतिक शरणका लागि भारत सजिलो स्थान रहेको इतिहास छ।

# गोल्डकपः टिकट बिक्रीबाट १३ लाख बढी आम्दानी



फुङलिङ । ताप्लेजुङमा जारी अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगितामा टिकट बिक्रीबाट अहिलेसम्म रु १३ लाख ६३ हजार सात सय सङ्कलन भएको छ।प्रतियोगिताकोसेमिफाइनलसम्मको खेलहरुमार्फत उक्त रकम सङ्कलन भएको हो ।

आयोजक लाखेजात्रा सञ्चालन समितिका कोषाध्यक्ष निरोज श्रेष्ठका अनुसार शुक्रबार र शनिबार दुई दिनमा मात्रै सेमिफाइनल खेलहरूबाट रु छ लाख ५२ हजार आठ सय सङ्कलन भएको थियो। शनिबारको खेलबाट मात्र रु तीन लाख ४४ हजार र शुक्रबारको खेलबाट रु तीन लाख आठ हजार आठ सय सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

यसअघि, क्वार्टरफाइनल चरणका चार खेल सम्पन्न हुँदा रु सात लाख १० हजार नौ सय रकम सङ्कलन भएको थियो । सेमिफाइनल खेलका लागि टिकट दर प्रतिव्यक्ति रु दुई सय तोकिएको थियो भने क्वार्टरफाइनल खेलमा रु एक सय राखिएको थियो । फाइनल खेल यही भदौ १० गते सोमबार सम्पन्न हुनेछ । फाइनल खेल हेर्नका लागि टिकट दर रु दुई सय ५० निर्धारण गरिएको आयोजकले जनाएको छ ।

समितिका अध्यक्ष देवराज गुरुङले यस वर्ष टिकट बिक्रीबाट रु २० लाखसम्मको आम्दानी गर्ने लक्ष्य राखिएको बताउनुभयो । प्रतियोगिताकोविजेतालेट्रफी,मेडल, प्रमाणपत्रसहित रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्नेछन् भने उपविजेताले रु दुई लाख ५० हजार पाँच सय ५५ नगद पुरस्कार पाउनेछन् । टिकट बिक्रीबाहेक प्रतियोगिताका लागि अन्य माध्यमबाट आर्थिक सहयोग सङ्कलन भइरहेको समितिले जनाएको छ ।रासस

# पाकिस्तानमा दुई छुट्टाछुट्टै बस दुर्घटनामा कम्तीमा ३४ जनाको मृत्यु

एएफपी

रावलपिण्डी । पाकिस्तानको आजाद पाटन शहरनजिक र मकरान सामुद्रिक तटीय राजमार्गमा आइतबार भएका दुई छुट्टाछुट्टै बस दुर्घटनामा कम्तीमा ३४ जनाको मृत्यु भएको छ ।

पञ्जाब प्रान्त र पाकिस्तान प्रशासित काश्मिरको सिमानामा पर्ने आजाद पाटनमा भएको दुर्घटनामा २२ र अर्को एक दुर्घटनामा १२ गरी ३४ जनाको मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ । पञ्जाबको रेस्क्यु ११२२ आपतकालीन सेवाका प्रवक्ता फारुक अहमदले घटनाको पुष्टि गर्दै भन्नुभयो, "अहिलेसम्म १५ पुरुष, ६ महिला र एक बच्चासहित २२ जनाको मृत्यु भएको छ ।उद्धार सेवाका अर्का प्रवक्ता मोहम्मद उस्मान गुज्जरले गाडी सडकबाट चिप्लिएर एउटा खोल्सामा खसेको बताउनुभयो ।

अर्को एक दुर्घटनामा बलुचिस्तानको मकरान सामुद्रिक तटीय राजमार्गमा बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ ।"निकै घुम्तीहरू भएको सडकमा तीव्र गतिमा रहेको बसलाई चालकले नियन्त्रणमा लिन नसक्दा बस गहिरो खाल्डोमा खसी भएको र कम्तीमा १२ जनाको मृत्यु भएको," घटनास्थलमा रहेका प्रहरी अधिकारी असलम



बङ्गुलजईले एएफपीलाई बताउनुभयो । उथल शहरबाट करिब १०० किलोमिटर टाढा र इरानको सीमावर्ती शहर पिशिनबाट ५०० किलोमिटर टाढा रहेको पहाडी क्षेत्रमा सो दुर्घटना भएको हो ।

इरानमा भएको बस दुर्घटनामा ज्यान गुमाएका २८ जना तीर्थयात्रीको शव स्वदेश ल्याएको एक दिनपछि यो अर्को दुर्घटना भएको हो । गत मङ्गलबार राति इरानको मध्य क्षेत्रमा रहेको याज्द प्रान्तको एक सुरक्षा जाँच केन्द्रमाअगाडि ५१ जना पाकिस्तानी तीर्थयात्रीलाई लिएर इराक जाँदै गरेको उक्त बस पल्टिएर आगलागी हुँदा २८ जनाको मृत्यु भएको थियो भने अन्य ३० जना घाइते भएका इरानी राष्ट्रिय टेलिभिजनले च्यानलले जनाएका छन् ।

# अफगानिस्तानी सदाचार कानुनप्रति राष्ट्रसङ्घद्वारा चासो व्यक्त

एएफपी

काबुल । अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय नियोगले तालिबानले हालै पारित गरेको सदाचारसम्बन्धी कानुनप्रति 'चिन्तित' रहेको बताएको छ ।



तालिवान अधिकारीहरूले बुधबार इस्लामी कानूनको कडा व्याख्याको आधारमा व्यापक व्यवहार र जीवनशैलीबारे प्रतिबन्धहरूको वर्णन गर्दै ३५ धाराहरू थप गरी कानूनको संशोधन गरेको घोषणा गरेका थिए ।

कानूनमा व्यवस्था भएका धाराहरूको उल्लङ्घन गरेमा मौखिक चेतावनीदेखि, जरिवाना र हिरासतसम्मको प्रावधानको घोषणा सदाचार मन्त्रालय अन्तर्गतका नैतिकता अधिकारीले गरेका हुन् ।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता नियोग (यूएनएएमए) का प्रमुख रोजा ओतुनबायेभाले भन्नुभयो, "यो अफगानिस्तानको भविष्यका लागि एक कष्टप्रद दृष्टिकोण हो । यहाँ नैतिक निरीक्षकहरूले उल्लङ्घनको विस्तृत र कहिलेकाहीं अस्पष्ट सूचीको आधारमा कसैलाई धम्की दिने र हिरासतमा राख्ने 'विवेकपरक' अधिकार छ ।"

"दशकौंको युद्धपछि र भयानक मानवीय सङ्कटका बीच अफगानी जनता प्रार्थनाका लागि ढिला भएमा, परिवारको सदस्यभन्दा बाहिरको विपरीत लिङ्गीलाई हेरेमा वा प्रियजनको फोटो राखेमा कारबाही व्यहोर्ने वा जेल जानुपर्नेछ," ओटुनबायेभाले भन्नुभयो ।

# इजरेलद्वारा लेबननमा हमला, हिज्बुल्लाहद्वारा सयौँ रकेट प्रहार

बीबीसी

काठमाण्डु । इजरेली सेनाले आफूमाथि हुनसक्ने ठूलो स्तरको हमलाको प्रतिरक्षामा लेबननका विभिन्न ठाउँमा हिज्बुल्लाहको निशानामा आक्रमण गरेको जनाएको छ।इजरेलले दक्षिण लेबननका ४० वटा त्यस्ता प्रक्षेपणस्थलहरूलाई निशाना बनाउन आफूले करिब १०० वटा विमानहरू प्रयोग गरेको जनाएको छ।

उसले 'उत्तरी र मध्य इजरेललाई निशाना बनाउने उद्देश्य लिएका हजारौँ हिज्बुल्लाह रकेट लन्चर हरूलाई ध्वस्त बनाइदिएको' बताएको छ।हिज्बुल्लाहले आफ्ना एक कमान्डरको हत्याको बदलामा पहिलो चरणमा गरिएको कारबाहीमा इजरेलतर्फ ३ सय भन्दा बढी रकेट प्रहार गरेको जनाएको छ। उसले अहिलेका लागि उसको कारबाही सम्पन्न भएको जनाएको छ। लेबननको स्वास्थ्य मन्त्रालयले तीनजना मारिएको जनाएको छ।

संयुक्त राज्य अमेरिकाले प्रतिरक्षाका लागि इजरेलले चालेको कदमप्रति समर्थन जनाएको छ। आईडीएफका प्रवक्ता ड्यान्यल हेगारीले भने, "आत्मरक्षाका लागि ती जोखिमहरू हटाउन आईडीएफले आतङ्कवादी निशानाहरूमा आक्रमण गरिरहेको छ।"इजरेलले लेबननका सर्वसाधारणहरूलाई इरानको समर्थन पाएको सिया मुसलमान समूहलाई हिज्बुल्लाह रहेका ठाउँ छाड्न आफूले चेतावनी दिएको जनाएको छ।

त्यस लगत्तै हिज्बुल्लाहले आफूले अघिल्लो महिना समूहका वरिष्ठ सैन्य कमान्डरको हत्या गरिएको बदलामा इजरेलमा ठूलो स्तरको ड्रोन हमला गरेको जनाएको थियो। आइतवार बिहानै उत्तरी इजरेलमा रकेट आइरहेको जनाउ दिने चेतावनीका साइरनहरू बजेका थिए। इजरेलमा ४८ घण्टे सङ्कटकाल घोषणा गरिएको छ।तेलअबिबस्थित विमानस्थल केही समयका लागि बन्द भए पनि फेरि सञ्चालनमा आएको छ।

संयुक्त राज्य अमेरिकाले इजरेललाई आफ्नो समर्थन रहने दोहोऱ्याएको छ। हिज्बुल्लाहले इजरेलको उत्तरतर्फ रहेका सैन्य निशानाहरूलाई केन्द्रित गरेर ३२० वटा रकेट प्रहार गरेको जनाएको छ।उसले यसलाई इजरेलमाथिको 'पहिलो चरण' को आक्रमण भनेको छ।हिज्बुल्लाहले दक्षिण लेबननको खियाममा आफ्ना एकजना लडाकुको मृत्यु भएको पुष्टि गरेको छ।उक्त समूहले ती व्यक्तिको कुन अवस्थामा मृत्यु भएको खुलाइएको छैन। तर लेबननको स्वास्थ्य मन्त्रालयले उक्त सहरमा इजरेलले गरेको आक्रमणमा एउटा कार परेको र त्यसमा एक जना



व्यक्तिको मृत्यु भएको जनाएको थियो।

हिज्बुल्लाहले लेबनन र दक्षिणको प्रतिरक्षामा आफ्नो राष्ट्रिय र जिहादी दायित्व पुरा गर्ने क्रममा ती व्यक्ति मारिएको जनाएको थियो।लेबननको मन्त्रालयले तीनजनाले इजरेली आक्रमणमा ज्यान गुमाएको बताएको छ।हिज्बुल्लाहले आजका लागि योजना गरिएको इजरेलमाथिको हमला 'सम्पन्न भएको र सफल भएको' पनि उल्लेख गरेको छ।आईडीएफले एउटा विज्ञप्तिमा हिज्बुल्लाहले '१५० भन्दा बढी रकेट लेबननबाट इजरेली भूमिमा प्रहार गरेको' जनाएको छ।

उसले तीनलाई विफल बनाउन 'आइरन डोम' क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली पनि प्रयोग गरिएको जनाएको छ। इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले सुरक्षा क्याबिनेटको आपत्कालीन बैठक डाकिरहेको जनाएका छन्।नेतन्याहूको कार्यालयले प्रधानमन्त्री र रक्षामन्त्री योआभ गालान्टले तेलअबिबमा रहेको आईडीएफको सैन्य शिविर परिस्थितिलाई 'व्यवस्थापन' गरिरहेको जनाएका छन्। इजरेलका विदेशमन्त्री इजरेल कात्सले आफ्नो मुलुकले उक्त क्षेत्रमा 'पूर्ण स्तरको युद्ध' नचाहेको बताएका छन्।

सामाजिक सञ्जाल एक्समा इजरेली विदेश मन्त्रालयले इरानको नेतृत्वमा रहेको 'सैतानहरूको समूह' बाट आफ्नो 'नागरिक र भूगोलको रक्षा गर्नका लागि' कदम चालिरहेको जनाएको छ।त्यसमा विकसित भइरहेका घटनाक्रमलाई ध्यान दिएर इजरेल अघि बढ्ने भनिएको छ। तेल अबिबमा मन्त्रिपरिषद्को राष्ट्रिय सुरक्षा सम्बन्धी बैठकमा बोल्दै प्रधानमन्त्री नेतन्याहूले आफूहरूलाई चोट दिने जोसुकैलाई आफूहरूले पनि चोट दिने नीति अङ्गीकार गरेको बताए।

उनले हिज्बुल्लाहले इजरेलमाथि आक्रमण गर्ने तयारी गरिरहेको थाहा पाउने बित्तिकै सेनाले सक्रिय रूपमा जोखिम हटाउन काम गरेको बताए। आईडिएफले जोखिमहरू विफल तुल्याउन व्यापक रूपमा काम गरेको भन्दै उनले देशको उत्तरलाई निशाना बनाएका हजारौँ रकेटहरूलाई ध्वस्त पारिएको र प्रतिरक्षा र आक्रमण दुवैमा उच्च शक्तिका साथ सेना क्रियाशील रहेको बताए।

यसैबीच हिज्बुल्लाहले एउटा विज्ञप्तिमा इजरेलमाथिको ड्रोन हमला फुआद शुकरको 'शाहदत'को बदला भएको बताएको छ।उक्त सिया समूहका वरिष्ठ सैन्य कमान्डर जुलाईमा इजरेलले गरेको हवाई हमलामा लेबननको राजधानी बेइरुतमा मारिएका थिए।इजरेल र लेबननमा रहेको लडाकु समूहबीच गएको वर्ष गाजा स्ट्रिपमा हमाससँगको युद्ध सुरु भए यता नै तनावहरू भइरहेको छ। हमासजस्तै हिज्बुल्लाहलाई पनि इरानको समर्थन छ।

# कृषि र पशुपालनबाट वार्षिक १५ लाख कमाउँदै ८० वर्षीय वृद्ध



गाईघाट । यहाँको रौतामाई गाउँपालिका-७ मुर्कुचीका जीतुहर्क तामाङ उमेरले ८० वर्ष पुगिसक्नुभयो । तर उहाँ अहिले पनि कृषि र पशुपालनमा सक्रिय हुनुहुन्छ । यही पेशाबाट उहाँले वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ ।

उहाँले १३ रोपनी जग्गामा फलफूलखेती गर्नुभएको छ । सबैभन्दा धैरै लिच्ची र कागती रोप्नुभएको छ । कागती बिक्रीबाट वार्षिक रु पाँच लाख आम्दानी गर्ने गरेको उहाँले जानकारी दिनुभयो । विगत ३० वर्षदेखि उहाँले खसीबाख्रा पाल्दै आउनुभएको छ । अहिले उहाँको गोठमा एक सयको संख्यामा खसीबाख्रा छन् । एक सयमध्ये ३८ वटा त खसीमात्र छन् ।

उहाँले एक हजारको संख्यामा लोकल कुखुरा र एक हजार हाँस पाल्नुभएको छ । खसीबाट वार्षिक रु सात लाखसम्म र हाँस कुखुरा बिक्री गरी रु चार लाखसम्म आम्दानी गर्नुहुन्छ । विगतमा राजनीतिमा समेत सक्रिय तामाङ अहिले राजनीति छाडेर कृषिमा मात्र सक्रिय हुनुहुन्छ ।"मैले कृषि पेशा गर्दागर्दै पनि पञ्चायत व्यवस्थामा एकपटक प्रधानपञ्च भएँ । बहुदल आएपछि एकपटक गाविस अध्यक्ष पनि भएँ", उहाँले भन्नुभयो, "राजनीति त सेवा हो, आर्थिक आम्दानी नगरी परिवार र जीवन नचल्ने हुनाले राजनीतिभन्दा कृषिलाई निरन्तरता दिएको हुँ ।"

अहिले पनि तामाङ दैनिक बिहान उज्यालो भएदेखि बेलुका ६ बजेसम्म फलफूल बगानमै भेटिनुहुन्छ । साँझ ७ बजेदेखि ९ बजेसम्म खसीबाख्रा, कुखुरा, हाँसको रेखदेखमा समय दिनुहुन्छ । उहाँका चार छोरामध्ये उहाँ साहिँला छोर ासँग बस्नुहुन्छ । हजुरबुबा र बुबाको पालादेखि कृषि तथा पशुपालन सिकेको बताउनुहुन्छ उहाँ । उहाँलाई नजिकबाट जान्ने जनता मावि मुर्कुचीका प्राचार्य खड्ग थापामगर भन्नुहुन्छ, "उहाँ कर्मठ कृषक हुनुहुन्छ । यस्तो व्यक्ति देशमा बिरलै पाइन्छन्, तीमध्येका एक हुनुहुन्छ । उहाँ सफल कृषकमात्र नभई समाजसेवी पनि हुनुहुन्छ ।"

पञ्चायतकालमा प्रधानपञ्च हुँदा उहाँले रौता मुर्कुचीको जनता माध्यमिक विद्यालय स्थापना गर्नुभयो र नामेटार गाउँका दुईवटा विद्यालय स्थापना गर्न पहल गर्नुभएको प्राचार्य थापामगरले जानकारी दिनुभयो । रौतामाई गाउँपालिकाका अध्यक्ष वीरेन्द्र मगरले भन्नुभयो, "जीतुहर्क एक सङ्घर्षशील र सफल कृषक हो । गाउँका जनप्रतिनिधि हुँदा जनताको सेवा गर्नुभयो र त्यसपछि कृषि पेशामै फर्कनुभयो ।"

असी वर्षको उमेरमा अझै तन्नेरी जाँगर र जोशका साथ कृषि पेशामा सक्रिय तामाङ आफू यही पेशाले निरोगी भएको बताउनुहुन्छ । "सात वर्षको उमेरदेखि हजुरबुबा र बुबासँग खेतीपाती गर्न सिकेँ । जिन्दगीमा जेजे गरे पनि कृषिलाई छाड्न सकिँन", उहाँ भन्नुहुन्छ, "यही काम गर्दागर्दै मर्न परोस् अरु मलाई केही चाहिएको छैन । म यसमै सन्तुष्ट छु ।"


उहाँ दैनिक दूधभात, मासु र फलफूल खाने गर्नुहुन्छ । आम्दानी राम्रो हुने गरेकाले गाउँघरका छिमेकीलाई आर्थिक सङ्कट पर्दा उहाँले सरसापटी दिने गर्नुभएको छ । ८० वर्षको उमेरमा पनि उहाँको जाँगर देख्ने जोकोहीले काम गर्न उमेरले नछेक्ने रहेछ भन्ने गरेको मुर्कुचीका स्थानीय देवप्रसाद खड्का बताउनुहुन्छ ।रासस

# नारायणगढ बजार २४सै घण्टा खुल्ला गर्न माग

नारायणगढ । यहाँका व्यवसायीले नारायणगढ बजार २४सै घण्टा खुला गर्न माग गरेका छन् । शनिबार नारायणगढमा सम्पन्न होटल व्यवसायी सङ्घ चितवनको २८औँ साधारणसभामा व्यवसायीले नारायणगढ बजार सुनसानझैँ भएकाले चहलपहल बढाउन २४सै घण्टा होटल तथा बजार खुला राख्न माग गरेका हुन् ।

विगतमा नारायणगढको पूल्चोक बजार सधैँ खुला रहेको स्मरण गर्दै होटल व्यवसायी सङ्घ चितवनका पूर्वअध्यक्ष इमान्दु बरालले देशकै केन्द्रविन्दुमा रहेको पुल्चोक फेरि २४सै घण्टा खुला राख्नुपर्ने बताउनुभयो । उहाँले भरतपुर भ्रमण वर्षले यहाँका होटलको अवस्थामा केही सुधार भएको उल्लेख गर्नुभयो । होटलमा दक्ष जनशक्तिको अभावका कारण व्यवसाय सञ्चालन गर्न समस्या हुने गरेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "होटलमा केही समय काम गर्न आउने सिक्ने अनि विदेशतिर जानेको जमात धेरै छ । अहिले होटल विदेश जानका लागि तयार गर्ने थलोजस्तो भएको छ ।"

उहाँले देशकै प्रमुख व्यापारिक केन्द्रका रूपमा चिनिएको नारायणगढ बजार अहिले ७० प्रतिशत खाली रहेको जानकारी दिनुभयो । पार्किङको समस्याले गर्दा पनि व्यवसायी पलायन हुने अवस्था भएको उहाँले बताउनुभयो । नारायणी नदी किनारमा रहेका साना अव्यवस्थित घुम्ती होटललाई व्यवस्थित गरी नारायणी किनारलाई सुन्दर बनाएर नारायणगढको पहिचानको रूपमा विकास गर्नुपर्ने उहाँको भनाइ थियो । बरालले बजारलाई



चलायमान बनाउन २४सै घण्टा खुलाएर सेवा दिनुपर्ने धारणा राख्नुभयो ।

उद्योग वाणिज्य सङ्घ चितवनका कार्यवाहक अध्यक्ष चिरञ्जीवी सुवेदीले भरतपुर भ्रमण वर्षले प्रत्यक्ष फाइदा होटल व्यवसायीलाई भएको र अप्रत्यक्ष रुपमा सबै व्यवसायीलाई फाइदा भएको बताउनुभयो । उहाँले नारायणगढ बजारको अवस्था पार्किङको कारणले अस्तव्यस्त भएको हुँदा वैकल्पिक व्यवस्था गरिनुपर्ने बताउनुभयो । सङ्घले व्यवसायीहरूको समस्या समाधानका लागि विभिन्न काम गर्दै आएको र समस्या समाधानमा सबै व्यवसायी जुट्नुपर्ने उहाँको भनाइ थियो ।

होटल व्यवसायी महासङ्घका अध्यक्ष दिनेशकुमार चुकेले जुनसुकै व्यवसायमा पनि काम गर्ने जनशक्ति अभाव रहेको उल्लेख गर्नुभयो । उहाँले जनशक्ति उत्पादनका लागि एकद्वार प्रणलीबाट तालिमको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । स्थानीय तहहरूले दिने तालिममा होटल व्यवसायी संलग्न भएर तालिम लिने वातावरण हुनुपर्ने र यसलाई व्यावहारिक बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "तालिम दिएर दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ । जसले गर्दा तालिम लिएका आधा बाहिर गए पनि आधा जनशक्तिले यहीँ काम गर्ने अवसर पाउँछन् ।"

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुर भ्रमण वर्षले यहाँका होटल व्यवसायीलाई टेवा पुगेको बताउनुभयो । उहाँले यहाँको होटल तथा पर्यटन चलायमान बनाउन भ्रमण वर्षको अवसरमा वन्यजन्तु उद्धार केन्द्रमार्फत पाटेबाघ हेर्ने सुविधा, भारतीय पर्यटकलाई सहज आवागमनका लागि ठोरी भन्सार सञ्चालन, दियालो बङ्गला दरबार खुला गरिएको बताउनुभयो ।

उहाँले भ्रमण वर्षकै अवसरमा आगामी कात्तिकमा धार्मिक महोत्सव गर्न लागिएको जानकारी दिनुभयो । त्यसैगरी भ्रमण वर्ष समापनमा खाना महोत्सव गरिने उहाँले बताउनुभयो । नारायणढमा भएको पार्किङलगायतका समस्या समाधान गर्न स्थानीय, व्यवसायी र महानगरको छलफलबाट समाधान खोजिने आश्वासन उहाँले दिनुभयो ।रासस

# 'लगानीको वातावरण सिर्जना गर्न प्रदेश सरकार तयार'

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको विकासका लागि सरकारले लगानीको वातावरण सिर्जना गर्ने बताउनुभएको छ । उहाँले प्रदेशको आर्थिक, सामाजिक तथा सांस्कृतिक



विकासको मुख्य आधार कृषि, पर्यटन, उद्योगलगायतका क्षेत्र रहेको बताउनुभयो । एनआरएन एनसिसी अमेरिकाले आइतबार आयोजना गरेको 'भर्चुअल' कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेशको विदेशी दातृ निकायहरुलाई ढुक्क भएर लगानी गर्न आग्रह गर्नुभयो । "सरकारले लगानीको वातावरण बनाउँछ । यहाँहरुले ढुक्क भएर कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रको विकासका लागि लगानी गर्न सक्नुहुन्छ", उहाँले भन्नुभयो, "लुम्बिनी सर्किटसँगै यहाँको हिमाल, पहाड, तराईसँगै बर्दिया राष्ट्रिय निकुञ्जले पर्यटकहरुलाइ आकर्षित गर्दछ ।"

मुख्यमन्त्री आचार्यले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडानको वातावरण बनाउन सङ्घीय सरकारसँग पहल गरिएको र त्यसको नतिजा केही दिनभित्र प्राप्त हुने बताउनुभयो । उहाँले विदेशबाट आउने पर्यटकलाई लुम्बिनीमा मात्रै सीमित नगरी प्रदेशका अन्य पर्यटकीय क्षेत्रहरुमा पु-याउन सकिनेगरी प्रदेश सरकारले ध्यान दिने जानकारी दिनुभयो ।

कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायात व्यवस्थामन्त्री प्रचण्डविक्रम न्यौपानेले प्रदेशका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिकस्थलहरुकोभरपुरमात्रामा प्रचारप्रसार हुन नसकेको बताउनुभयो।उहाँलेवर्तमानसरकारले प्रचारप्रसारको 'मोडेल' परिवर्तन गरी विश्वसामु पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । रुपन्देहीको देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले लुम्बिनी सर्किटलाई विश्व बजारमा प्रचारप्रसार गर्न नसकिएको उल्लेख गर्नुभयो । देवदह सांस्कृतिक र सम्पदाको हिसाबले महत्वपूर्ण रहेको र यसलाई विश्व बजारमा चिनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ज्ञवालीले लुम्बिनीलाई पर्यटकीय हबका रुपमा विकास गर्न धेरै सम्भावना रहेको र त्यसका लागि तीन तहका सरकारबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । उहाँले बुद्ध परिपथ क्षेत्रको विकासबाट समग्र लुम्बिनीको विकास गर्न सकिने आधार रहेको बताउनुभयो ।सिद्धार्थ उद्योग वाणिज्य सङ्घ, रुपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले लुम्बिनी भ्रमणमा आउने पर्यटकको बसाइ लम्ब्याउने गरी सरकारी र निजी क्षेत्रबाट योजना बनाउनुपर्ने, लुम्बिनी चक्रपथ र धार्मिक चक्रपथलाई सँगै लग्नुपर्नेमा जोड दिँदै निजी क्षेत्र सहकार्य गर्न तयार रहेको धारणा राख्नुभयो ।रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ । आइतबार परिसूचक ७९ दशमलव ८८ अङ्कले घटेर दुई हजार आठ सय ९४ दशमलव ५७ को विन्दुमा कायम भएको हो ।

आइतबार तीन सय ३३ कम्पनीको चार करोड २६ लाख ८६ हजार छ सय ४० कित्ता शेयर दुई लाख १८ हजार पाँच सय ७८ पटक खरिदबिक्री हुँदा रु १९ अर्ब ७४ करोड पाँच लाख ९३ हजार आठ सय बराबरको कारोबार भएको छ ।

लघुवित्त समूह एक दशमलव ०८ प्रतिशत बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लगानी समूह तीन दशमलव ८३, बैङ्किङ तीन दशमलव ३१, वित्त तीन दशमलव ५० र अन्य समूह तीन दशमलव ५५ प्रतिशतले बढेको छ । विकास बैङ्क दुई दशमलव ४४, होटल तथा पर्यटन दुई दशमलव ३८, जलविद्युत् तीन दशमलव ०४, जीवन बीमा दुई दशमलव ५०, उत्पादन तथा प्रशोधन एक दशमलव ९८, म्युचुअल फन्ड एक दशमलव ५९, निर्जीवन बीमा दुई दशमलव ३२ र व्यापार समूह एक दशमलव ७६ प्रतिशतले घटेको छ ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने मन्दाकिनी हाइड्रोपावर लिमिटेड र १० दशमलव २५ प्रतिशत, कुमारी बैङ्क लिमिटेड डिभेञ्चर-८६ को शेयर मूल्य नौ दशमलव ०९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा अपी पावर लिमिटेडको आइतबार सबैभन्दा धेरै रु ८४ करोड ६८ लाख १७ हजार बराबरको २२ लाख ७८ हजार सात सय ८७ कित्ता शेयर किनबेच भएको छ ।रासस

# महिला उद्यमीबाट उत्पादित सामग्रीको बिक्री तथा प्रदर्शनी

त्रिशूली । तिजपर्वका अवसरमा नुवाकोट उद्योग वाणिज्य सङ्घले 'महिला उद्यमीले उत्पादन गरेको कृषि उब्जनी तथा हस्तकलाका सामग्री बिक्री तथा प्रदर्शनी'मा राखेको छ ।

तिज विशेष कार्यक्रमसहित जिल्लाका किसान तथा उद्यमी महिलाले तयार गरेको स्थानीय उत्पादनलाई शनिबारदेखि प्रदर्शनी तथा बिक्रीकक्षमार्फत उद्यमी र उपभोक्तालाई लाभ पुग्ने कार्यक्रम सञ्चालनमा ल्याएको सङ्घका सचिव मधुसुदन थपलियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार तिजपर्व सुरु हुनुभन्दा धेरै अघिदेखि भड्किला तथा विकृति फैलाउने कार्यक्रम आयोजना हुने गरेकामा वाणिज्य सङ्घले पहिलोपटक बिक्री तथा प्रदर्शनी आयोजना गरेको हो । यसबाट उद्यमी र उपभोक्ता दुवै पक्षलाई लाभ पुगेको छ । "प्रदर्शनीमा तरकारी



र मसालेदार बाली उपभोक्ताको रोजाइमा परेको छ", सचिव थपलियाले भन्नुभयो, "हस्तकला तथा साना घरेलु उद्योगमा उत्पादित ढाकाबाट बुनेका कपडा, सरसफाइलगायत दैनिक जनजीवनमा प्रयोग हुने सामग्रीको कारोबार उत्साहजनक छ ।"

सहुलियत शुल्कमा स्थानीय उत्पादनका सामग्री ताजा र सहुलियत शुल्कमा उपलब्धताले उद्यमीलाई प्रोत्साहन र उपभोक्तालाई फाइदा पुगेको विदुर नगरपालिका-२ शेराका सरस्वती अधिकारीले बताउनुभयो । तिजका बाहनामा हुने भड्किला कार्यक्रमको साटो महिला उद्यमीलाई प्रोत्साहन र उपभोक्तालाई सहुलियत शुल्कमा गुणस्तरीय सामग्री उपभोगको अवसर मिलेकाले आगामी दिनमा यस्तै रचनात्मक कार्यलाई निरन्तरता दिनुपर्ने उहाँको सुझाव छ ।रासस

# पशुमा कृत्रिम गर्भाधान गराउने किसानको संख्यामा वृद्धि

चितवन । जिल्लामा रहेका पशुपालक किसानमा कृत्रिम गर्भाधानतर्फ आकर्षण बढ्दै गएको छ । पशु सेवा कार्यालयका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा पशुलाई कृत्रिम गर्भाधान गराउने किसानको संख्यामा वृद्धि भएको हो ।

कार्यालयका अधिकृत भीम भट्टका अनुसार गत आर्थिक वर्षमा ६६ हजार चार सय ७५ वटा पशु चौपायामा कृत्रिम गर्भाधान गराइएको छ । जसमा ५९ हजार नौ सय ३२ गाई, छ हजार दुई सय ८१ भैँसी, दुई सय ६२ बाख्रामा कृत्रिम गर्भाधान गराइएको छ । अघिल्लो आव २०७९/८० मा ६१ हजार आठ सय ९५ पशुमा कृत्रिम गर्भाधान गराइएको थियो । सो आवमा ५६ हजार पाँच सय ९४ गाई, पाँच हजार एक सय ६९ भैँसी र एक सय ३२ बाख्रामा कृत्रिम गर्भाधान गराइएको थियो ।

उहाँका अनुसार जिल्लामा पशुपालक किसानको संख्यामा वृद्धि भएपछि कृत्रिम गर्भाधानको संख्या पनि वृद्धि भएको हो । किसानले राँगो र साँढे पाल्ने प्रचलन घट्दै जाँदा कृत्रिम गर्भाधान गराउने पशुको संख्या बढेको हो । भट्टले भन्नुभयो, "जिल्लामा भैँसीमा कृत्रिम गर्भाधान गराउनेको संख्या उलेख्य रूपमा बढ्न सकेको छैन ।" भैँसीले गर्भाधान गर्ने समय किसानलाई थाहा नहुने भएकाले भैँसीको कृत्रिम गर्भाधान कम हुने गरेको उहाँको भनाइ छ ।

गाई, भैँसीले गर्भाधानका लागि गोरु, राँगा खोजेको समयमा १२ घण्टा देखि १८ घण्टाभित्र गर्भाधान गराउनुपर्ने हुन्छ । सो समयमा भैँसीलाई गर्भाधान गराउन कठिन हुने हुँदा अहिले पनि किसानले राँगो लगाउने गरेको भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, "भैँसी चरनका लागि लैजाने क्रममा राँगो लाग्ने हुँदा पनि भैँसीको संख्यामा कमी आएको हो ।" जिल्लामा हाल ९२ हजार दुई सय ५६ गाई, ७२ हजार दुई सय भैँसी र तीन लाख बाख्रा पालिएको पशु कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।रासस

# फोहरबाट आम्दानी गर्दै व्यास नगरपालिका

तनहुँ । व्यास नगरपालिकाले खेर गइरहेको फोहर व्यवस्थापन गरी आम्दानी गर्न थालेको छ । पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने सोचसहित सुक्ष्म रूपमा वर्गीकरण गरी बिक्री गर्न थालेको हो ।

विगत लामो समयदेखि नकुहिने फोहरलाई खाडल खनेर पुर्दै आएकामा हाल कार्यालय परिसरमै व्यवस्थापन गरी बिक्री गरिरहेको वन, वातावरण तथा सरसफाइ शाखा प्रमुख कृष्ण घिमिरेले जानकारी दिनुभयो । नगरपालिकाले रु ५० हजार बराबरको सिसाको बोतल बिक्री गरिसकेको छ । अन्य प्लाष्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरेको छ ।

नगरपालिकाले न्यूनतम दररेट कायम गरी १५ दिनको सूचना जारी बोलपत्र आह्वान गरेको हो । जसअनुसार रेडबुललगायत आल्मुनियम प्रतिकेजी रु ५०, फलाम प्रतिकेजी रु २८, टीन रु २०, पानीको बोतल तथा अन्य बोतल रु २०, कपडा चार रुपैँया ५० पैसा, कपि रु १५, किताब रु १४ दररेट कायम गरिएको नगरपालिकाले जनाएको छ ।नगरपालिकाले यसअघि वडा नं ३ मादी नदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएको थियो । त्यस क्षेत्रको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको व्यास नपाका प्रमुख



प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार फोहर व्यवस्थापनका लागि व्यास नगरपालिकाको पुरानो सभाहल र बाहिरी क्षेत्रमा ट्रस निर्माण गरी फोहर वर्गीकरण गरिएको छ । नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहर सङ्कलन हुने गरेको छ । कुहिने फोहरलाई व्यास-१० स्थित गौ संरक्षण केन्द्र भतेरीमा व्यवस्थापन गर्दै आएको छ । नकुहिने फोहरको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको नगरपालिकाले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृत गैरेले प्लाष्टिक, सिसा, कपडा र फलामलगायत नकुहिने वस्तुलाई छ किसिमले सुक्ष्म वर्गीकरण गरी बिक्री गर्ने योजना अघि बढाइएको जानकारी दिनुभयो । यसबाट मासिक रु एक लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य राखिएको छ ।रासस


## प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित ७ (सात) दिने सार्वजनिक सूचना

सिरहा जिल्लाको साबिक भवानीपुर प्र.ध.-९, हाल धनगढीमाई न.पा.-१ को कि.नं. ५७७, १५, ४३०, ५५१, ६४५, ६४७, ५७४, ८३, ३८४, ४९, ५०, ६३४, ६३९, ५७३, ५७६, ६४९ र ६५२ ज.वि. ७-४-२.७५-० जग्गामा होटल तथा रिर्सोटको व्यवस्था गर्ने उद्देश्य रहेको वाटिका टूरिजम प्रा.लि.को प्रारम्भिक वातवरणीय परीक्षण ९क्षभ्० प्रतिवेदन गर्नु पर्ने हुदाँ उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक भौतिक, रसायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनु हुन यो सूचना प्रकाशित गरीएको छ ।

**राय सुझाव दिने स्थान :**

१. घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा ।
२. धनगढीमाई न.पा. को कार्यालय, सिरहा ।
३. धनगढीमाई न.पा. वडा नं.-१ को कार्यालय, सिरहा ।

**प्रस्तावक**
**सुभाष बाबु साहसमेत,**
**लहान न.पा.-३, सिरहा ।**

# हरेक दिन दुर्घटना र मृत्युकै मुख्य समाचार बन्न विवश



**टुडे समाचारदाता**

जनकपुरधाम । शुक्रबारदेखि आइतबारसम्म सवारी दुर्घटनाबाट ३१ जनाले ज्यान गुमाएका छन् भने ६५ जना घाइते भएका छन् । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ भने चारजना अझै बेपत्ता भएका छन् ।

गएको शुक्रबार देशभर सानाठूला गरी ६ वटा दुर्घटना भएका छन् । सबैभन्दा ठूला दुर्घटना तनहुँको आबुखैरनीमा भयो । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ को ऐनापहरास्थित मर्स्याङ्दी नदीमा पोपोखराबाट काठमाण्डुतर्फ जाँदै गरेको भारतीय नम्बर प्लेट युपी ५३ एफटी ७६२३ नम्बरको खस्दा २७ जनाको मृत्यु भएको थियो भने १६ जना घाइते भए । भने एक जना बेपत्ता भए । बेपत्ता भएका २२ वर्षीय गोकर्णी सन्दीप सरोदेको खोजी जारी रहेको तनहुँ जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिए ।

सो दुर्घटनामा मृत्यु भएका २७ जना भारतीय नागरिकलाई शनिबार नै भारत पठाइएको छ भने १६ जना घाइते काठमाण्डु स्थित शिक्षण अस्पतालमा उपचार भइरहेको प्रनाउ रायले बताए ।

त्यस्तै, सोही दिन पोखरामा विद्यालयको बस दुर्घटना परेको थियो । शुक्रबार दिउँसो पोखरा महानगरपालिका-१७ को घारीपाटन चोकमा स्कुल बस अनियन्त्रित भई दुर्घटना हुँदा एक जना घाइते भए ।

पोखरा ८ मा रहेको एक स्कुलको ग १ क ४६६१ नम्बरको बस रोडबाट तल रोकिराखेका ट्याक्सीमाथि खसेको थियो । दुर्घटनामा बस चालक पोखरा ९ बस्ने ५४ वर्षीय दलबहादुर गुरुङ घाइते भएका प्रहरी निरीक्षक किरण थापाले बताए ।

उनले दिउँसो ३ बजेतिर अनियन्त्रित बनेको बसले मोडमा तीन ट्याक्सीलाई ठक्कर दिएको बताए । बसले ठक्कर दिँदा ग १ ज २९३४, ग १ ज २२४१ र ग १ ज ४१८० नम्बरको ट्याक्सीमा क्षति भएको छ ।

त्यस्तै, तनहुँको मर्स्याङ्दी नदीमा भएको बस दुर्घटनाको उद्धार नसकिँदै चितवनमा शुक्रबार दिउँसो अर्को बस दुर्घटना भयो ।

रौतहटको गौरबाट पोखराका लागि जाँदै गरेको ग २ ख ४७ नम्बरको बस अनियन्त्रित भएर सडकमै पल्टिएको थियो ।

चितवनको भरतपुर महानगरपालिका-२९ स्थित सत्रकिलो भन्ने स्थानमा माथिबाट ढुंगा खसेर चालक अत्तालिएको र बस अनियन्त्रित भइ पल्टिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक भेषराज रिजालले बताए । उनले अहिलेसम्म १९ जना घाइतेलाई उद्धार गरी अस्पताल लगिएको बताए ।

शुक्रबार नै काठमाण्डुबाट पोखरा जाँदै गरेको गरेको इभी माइक्रो बस धादिङको गल्छी गाउँपालिकास्थित पृथ्वी राजमार्गमा पर्ने सिम बजारमा दुर्घटना हुँदा १५ जना घाइते भए ।

वर्षाका कारण सडक चिप्लो हुँदा सो माइक्रो बस दुर्घटनामा परेको धादिङ प्रहरीले जनाएको छ ।

त्यसैदिन बिहान पोखरा सिर्जनाचोकमा स्कुटर दुर्घटना हुँदा एक जनाको ज्यान गयो । मृत्यु हुनेमा पर्वतको पैयु गाउँपालिका- ७ स्थित हिले घर भइ हाल पोखराको औद्योगिक क्षेत्र बस्दै आएका ३३ वर्षीय सुशान्त गुरुङ छन् । दुर्घटनामा गम्भीर घाइते भएका गुरुङको मेट्रोसिटी हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै शुक्रबार राति मोटरसाइकल दुर्घटनामा कविलासी नगरपालिका-४, हेमपुरका पूर्ववडाध्यक्ष ४३ वर्षीय अरविन्दकुमार यादवको मृत्यु भएको थियो ।

सर्लाहीको बरहथवा नगरपालिका-१० को सीतापुरस्थित किसनपुर चोकमा भएको दुर्घटनामा पूर्ववडाध्यक्ष यादवको ज्यान गएको प्रहरीले जनाएको छ ।

कविलासी नगरपालिकाको पिपरीयाबाट बरहथवातर्फ गइरहेको प्रदेश २-०३-०२० प ३२४५ नम्बरको मोटरसाइकल गएराति ९:३० बजे एक साइकलमा ठोक्किएको र घटनास्थलमै उनको मृत्यु भएको सर्लाही प्रहरीका प्रहरी उपरीक्षक रविन्द्रबहादुर सिंहले बताए । धनकुटाको साँगुरीगढी गाउँपालिका-६ को मुक्टेनस्थित सडकमा मुक्टेनबाट धरानतर्फ जाँदै गरेको को.२ च ११०५ नम्बरको बोलेरो जिप अनियन्त्रित भई शुक्रबार राति दुर्घटना हुँदा जिपमा सवार सोही ठाउँ बस्ने ३७ वर्षीय निरबहादुर सारूको घटनास्थलमै मृत्यु भयो। साथै दुर्घटनामा घाइते भएका जिपमा सवार अन्य ३ जनाको वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा उपचार भइरहेको छ ।

> पूर्वाधारको अवस्था हेर्दा सवारी चालकहरू जोखिम लिएर सवारी चलाइरहेको पनि उनले बताए । उनले भने, "कति स्थानमा चालकहरूले आफ्नो ज्यान फालेर पनि चालकहरूले यात्रुलाई बचाइरहेका छन् ।" उनले अघि थप्दैं भने, " यहाँ चालकलाई मात्र दोष लगाएर अन्य सम्बन्धित क्षेत्र पन्छिन मिल्दैन ।"

त्यसैगरी शनिबार मध्यपहाडी लोकमार्गमा गुडिरहेको गाडी सुनकोशी नदीमा खस्दा ३ जना बेपत्ता भए । शनिबार साँझ खोटाङबाट भक्तपुर आइरहेको हाइलेक्स सिन्धुलीको गोलन्जोर गाउँपालिका-१ स्थित कुडुलेमा अनियन्त्रित भएर नदीमा खस्दा तीनजना बेपत्ता भएका प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलिका प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले चालक सूर्यविनायक नगरपालिकाका ३२ वर्षीय अबिन बके, ३० वर्षीय प्रनित स्यागु र ३७ वर्षीय बलराम घटुवा बेपत्ता बताए ।

त्यस्तै अर्का सोही ठाउँ बस्ने घाइते २७ वर्षीय सुशान्त कक्षपतिको स्थानीय शुभजीवन अस्पताल खुर्कोटमा उपचार भइरहेको छ ।

त्यस्तै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-५ कोशी बाँधस्थित सडकमा स.२ प ७२ ९६ नम्बरको मोटरसाइकल र को.३४ प ५४४९ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाँदा स.२ प ७२ ९६ नम्बरको मोटरसाइकल चालक राजबिराज नगरपालिका-१५ का ५२ वर्षीय बिनोद कुमार साहको घटनास्थलमै मृत्यु भयो । यसका साथै दुर्घटनामा घाइते भएका को.३४ प ५४४९ नम्बरको मोटरसाइकल चालक र मोटरसाइकलमा सवार १ जनालाई उपचारको लागि अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै झापाको दमक नगरपालिका-९ को चियाबगानस्थित सडकमा उर्लाबारीबाट दमकतर्फ जाँदै गरेको प्रदेश १-०२०४१ प ५०८२ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री हाल नाम, थर, वतन नखुलेका अन्दाजी ७० वर्षीय पुरूषको शनिबार विहान मृत्यु भएको छ । सो ठक्करबाट गम्भीर घाइते भएका उनको विराटनगर नोबेल अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको छ ।

त्यस्तै आइतबार बिहान मुग्लिङ-नारायणगढ सडकखण्डको घुमाउनेमा बस दुर्घटना हुँदा १० जना घाइते भएका छन् । त्यस्तै महेन्द्रनगरबाट काठमाण्डु जाँदै गरेको सुदूरपश्चिम प्रदेश ०२-००१ ख १३३२ नम्बरको बस भरतपुर महानगरपालिका वडा नम्बर २९ घुमाउने भन्ने स्थानमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक भेषराज रिजालले बताए ।

बसमा आफैँ अनियन्त्रित भई सडकको डिभाइडरमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ । सडक किनारमा लगाइएको बारले छेकेकाले बस त्रिशूली नदीमा खस्नबाट जोगिएको थियो। दुर्घटनामा १० जना घाइते भएका र उनीहरुलाई उपचारका लागि भरतपुर ल्याइँदै गरिएको छ ।

हरेक दिन भयानक सवारी दुर्घटनाका कारण आम नागरिक त्रसित भएका छन्। हरेक दिन नेपालीहरू समाचारमा मृत्युको हेडलाइन बन्न बाध्य भइरहेका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बढिरहेको सवारी दुर्घटना न्यूनीकरणमा लाग्न सबैपक्षसँग अनुरोध गरे ।

तनहुँको आँबुखैरेनीमा भएको दुर्घटनापछि सामाजिक सञ्जालमार्फत उनले भनेका छन्, 'तनहुँ दुर्घटनाका मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। पछिल्लो समय बढिरहेका सवारी दुर्घटना न्यूनीकरणका लागि लाग्न सबै पक्षलाई आग्रह गर्दछु।'

नेपाल यातायात महासंघका अध्यक्ष विजय स्वारले दुर्घटनाको मुख्य कारण सडकको पूर्वाधारको अवस्था जोखिमपूर्ण रहेको बताए। सरकारले पूर्वाधार निमार्णमा गम्भीर हुनुपर्ने उनको जोड दिए ।

पूर्वाधारको अवस्था हेर्दा सवारी चालकहरू जोखिम लिएर सवारी चलाइरहेको पनि उनले बताए । उनले भने, 'कति स्थानमा चालकहरूले आफ्नो ज्यान फालेर पनि चालकहरूले यात्रुलाई बचाइरहेका छन् ।' उनले अघि थप्दैं भने, 'यहाँ चालकलाई मात्र दोष लगाएर अन्य सम्बन्धित क्षेत्र पन्छिन मिल्दैन ।'

हामीले व्यावसायिक सवारी चालकहरू निर्माण गर्न नसकेको स्वीकार गरे । 'करिब १ लाख लाइसेन्स नक्कली वितरण भएको समाचार आइरहेको छ । चालकहरूलाई प्रशिक्षण पनि छैन', उनले भने, 'हामी व्यवसायीलाई यो नक्कली हो या सक्कली भनेर कसरी थाहा पाउने ? सवारी चालकको भेरिफिकेशन राज्यले गर्नुपर्छ।' सरकारी रिपोर्टअनुसार करिब ७० प्रतिशत दुईपाङ्गे सवारी दुर्घटना भइरहेको उनले बताए ।

दुर्घटना न्यूनीकरण गर्न राज्यले सवारी नीति ल्याउनुपर्ने बताए ।

# सोलार प्लान्टका लागि आँप बगैचा नमाँस्न माग



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वरमा ८२ बिघाको आँप बगैँचा माँसेर सोलार प्लान्ट लगाउने कार्यको विरोध गर्दै मुख्यमन्त्री सतीशकुमार सिंहलाई ज्ञापन पत्र बुझाइएको छ ।

जनकपुरधाममा आइतबार धनुषाको बटेश्वरवासीको एक टोलीले ज्ञापनपत्रमार्फत् सोलार प्लान्टका लागि आँप बगैचा माँस्न नदिनका लागि आग्रह गरेका छन् ।

सो ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री सिंहले आँप बगैचाको साटो सोलार प्लान्टका लागि नदीउकास जग्गा उपलब्ध गराउने पहल भइरहेको बताएका थिए । उनले वृक्षारोपण गरी दिगो वन व्यवस्थापन, वनबाट हुने फाइदा बढाउन हरितगृह ग्यास उत्सर्जन घटाउन प्रदेश सरकार गम्भीर रहेको बताए ।

बटेश्वरको ८२ बिघामा रहेको आँप बगैँचा माँसेर ५० मेगावाट क्षमताको सोलार प्लान्ट स्थापना गर्ने तयारी छ । त्यसको भने स्थानीयवासीहरुले विरोध गर्दै आइरहेका छन् ।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएका फुलगेन महतोसहितका अभियन्तालाई मुख्यमन्त्री सिंहले सोलार प्लान्टका लागि कृषि प्रयोजनबाट उब्रिने नदीउकास जग्गा दिने विषयमा गृहकार्य भइरहेको बताए ।

मुख्यमन्त्री सिंहले प्रदेशमा आँपको पकेट क्षेत्र प्रवर्द्धनका लागि सरकारले आवश्यक पूर्वाधार विकासलगायतका काम गरिरहेको भन्दै बटेश्वर क्षेत्रमा कृषि विद्युतीकरण तथा डिप बोरिङमार्फत सिँचाइ व्यवस्थापन र आँप भण्डारण गर्न कोल्ड स्टोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्न भूमि व्यवस्था तथा कृषि मन्त्रालयलाई निर्देशन दिएका छन् ।

# दुर्घटनामा वडा अध्यक्ष यादवको मृत्यु



**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीकोरामगोपालपुर नगरपालिका-२ का वडा अध्यक्ष मुकेशकुमार यादवको सवारी दुर्घटनामा मृत्यु भएको छ ।

जिल्लाको रामगोपालपुर नगरपालिका-२ का वडा अध्यक्ष यादवको मोटरसाइकल दुर्घटनामा आइतबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए ।

जलेश्वर-बर्दिबास सडकखण्ड अन्तर्गत बर्दिबास नगरपालिका-८ स्थित कल्भर्टमा वडा अध्यक्ष यादव चढेको लु प्र ०१-००१प ६३६२ नम्बरको मोटरसाइकल दुर्घटना भएको छ ।

वडा अध्यक्ष यादवको शव कल्भर्टसँगै भेटिएको थियो । वडा अध्यक्ष यादव नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट निर्वाचित भएका थिए ।

# आज श्रीकृष्ण जन्माष्टमी




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष भाद्र कृष्ण अष्टमीका दिनमा मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व सोमबार भगवान श्रीकृष्णको पूजा आराधना गरी मनाइँदैछ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको छ ।

दुर्जनको विनाश गरी सज्जनको रक्षाका लागि भगवान विष्णुको आठौँ गर्भका रुपमा श्रीकृष्णको जन्म भएको शास्त्रमा वर्णन गरिएको छ ।

कंसको अत्याचारबाट मानव जातिलाई मुक्ति दिन वासुदेव र देवकीको आठौँ गर्भबाट भगवान विष्णुको आठौं अवतारका रुपमा आजैका दिन भगवान् श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास रहेको छ ।

अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट मानव जातिलाई सुरक्षित बनाउने उद्देश्यले भगवान् विष्णुले मानिसको अवतारका रुपमा श्रीकृष्ण भई धर्तीमा जन्म लिएको स्मृतिस्वरुप सो पर्व मनाउने गरिन्छ ।

कौरव र पाण्डवका बीचमा कुरुक्षेत्रमा भएको धर्मयुद्धमा सत्यको पक्षमा रहेका पाँच पाण्डवमध्येका अर्जुनको सारथीका रुपमा श्रीकृष्णले युद्धको शिक्षा दिएका थिए । युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिएको उपदेश नै श्रीमद्भगवत गीता रहेको छ ।

जनकपुरधामको रेल्वे स्टेसन, विषहारा चोकस्थित कृष्ण मन्दिर र देशभरका अन्य कृष्ण मन्दिरमा भव्यरुपमा पूजा, आराधना एवम् रथयात्रा र शोभायात्रा गरी श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिन्छ ।

विशेष गरी महिलाहरु ब्रत बसी राति १२ बजे श्रीकृष्ण जन्मिएको सम्झनामा पूजा लगाउने र रातभर जाग्राम बसेर श्रीकृष्णको भक्ति संगीत गाउने गर्दछन् । यसो गरेमा श्रीकृष्ण प्रसन्न भई मनोवाञ्छित फल प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

# पूर्वमन्त्री रायको हत्याका अभियुक्तलाई जेल चलान



**टुडे समाचारदाता**

मलंगवा । पूर्वभूमिसुधार राज्यमन्त्री रामचन्द्र रायको हत्या आरोपमा पक्राउ परेका दुईजना अभियुक्तलाई पुर्पक्षका लागि जेल चलान गरिएको छ ।

सर्लाहीको कविलासी नगरपालिका-३ का २५ वर्षीय राम उजैन राय र चन्द्रनगर गाउँपालिका-१ स्थित रतनपुरका ४६ वर्षीय वीरेन्द्र राय कारागार चलान भएका छन् । १० वर्षदेखि पूर्वमन्त्रीको सहयोगीको रुपमा काम गर्दै आएका राम उजैनले नै वीरेन्द्रको योजना तथा उक्साहटमा हत्या गरेको दाबीसहित जिल्ला प्रहरी कार्यालय सर्लाहीले पेस गरेको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले सर्लाही जिल्ला अदालतमा अभियोजन दर्ता गरेको थियो ।

जिल्ला न्यायाधीश फणिन्द्र प्रसाद पराजुलीको इजलासले गत भदौं ४ मा दुवै अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ। अदालतको आदेश अनुसार दुवै अभियुक्तहरु अहिले मलंगवास्थित कारागारमा रहेको सर्लाही प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए ।





साइबर सुरक्षाबारे सचेत रहौं ।

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८